# रामेछाप नगरपालिका
# सामाजिक परीक्षण प्रतिवेदन

## आर्थिक बर्ष २०८१/०८२


## रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

# रामेछाप नगरपालिकाको सामाजिक परीक्षण
# SOCIAL AUDIT OF RAMECHHAP MUNICIPALITY

**आर्थिक तथा प्राविधिक सहयोग**

## रामेछाप नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

**प्राविधिक सहयोग/परामर्शदाता**

**Helping Hands Consultancy & Resource Center Pvt. Ltd.**
**हेल्पीङ्ग् हयाण्डस कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा. लि**
Madhyapur Thimi-3, Bhaktapur

# कार्यकारी सारांश

रामेछाप नगरपालिकाले आर्थिक बर्ष २०८१/०८२ मा तर्जुमा गरेको नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले नगरबासीको सामाजिक एवं आर्थिक विकासमा गरेको समग्र योगदान तथा उपलब्धीको लेखाजोखा तथा बिश्लेषण गर्ने उद्देश्यले सामाजिक परीक्षण संचालन गरिएको थियो । नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जावाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रक्रिया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रक्रियामा सुधार गर्न, सार्वजनिक कोषको अत्युतम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तीको सुनिश्चिता गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिबृद्धि गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) अनुसार सामाजिक परीक्षण संचालन गरिएको हो । नगरपालिकाको आगामि दिनमा सामाजिक क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई अझ सहभागीतामूलक, पारदर्शी, नजितामूलक तथा प्रभावकारी बनाउन सामाजिक परीक्षण कार्यक्रम संचालन गरिएको र यसको निष्कर्षलाई प्रतिवेदनको रुपमा प्रस्तुत गरिएकोछ । नगरपालिकाले आफ्नै आवधिक योजना तयार गरी विकास र सुशासनको निमित्त आवश्यक कानुनको निर्माण गरी संस्थागत र संरचनागत विकास गरी दीर्घकालीन योजनाको आधार तयार गरी संचालनमा ल्याई सकेको अवस्थाछ । संरचना, जनशक्ति र कानुन जस्ता आधारभूत पक्षमा भएका कार्यहरुले नीति कार्यक्रम र बजेट कार्यान्वयनमा अघि बढेको देखिन्छ । रामेछाप नगरपालिकाले आर्थिक रुपमा समग्र ८३.०७% उपलब्धी हासिल गरेको देखिन्छ ।

रामेछाप नगरपालिकाको सबै वडाहरु नगरपालिकाको केन्द्रबाट सडक सञ्जालमा जोडिएको देखिन्छ । नगरपालिकाको प्रशासनीक भवन तथा सबै वडा कार्यालयहरु आफ्नै भवनबाट संचालित भई सेवा प्रवाह गरेको देखिन्छ । नगरपालिकाले एकद्वार प्रणालीबाट खरिद प्रक्रिया गरेको, चौमासिक रुपमा नगरपालिकाले सार्वजनिक सुनुवाई संचालन गरेको, हरेक योजनाको सार्वजनिक परीक्षण गर्ने गरिएको, हरेक वर्ष सामाजिक परीक्षण संचालन गरिएको तथा नगरपालिकाभर उत्कृष्ठ सेवा प्रवाह गर्ने कर्मचारीलाई नगद र दोसल्ला सहित सम्मान गरिएको साथै नगरपालिकाको सबै वडा कार्यालयबाट नागरिकताको सिफारिस अनलाईन प्रणालीबाट गर्ने गरिएको देखिन्छ । त्यसैगरि उपभोक्ता समिति मार्फत संचालित योजनाहरूको सम्झौता गर्ने कार्य सम्बन्धित वडामा नै गरी अनुशिक्षण गर्ने गरेको देखिन्छ । नगरपालिकामा शाखा प्रमुखहरुको नियमित बैठक बसी छलफल सकरात्मक तथा सेवा प्रवाहको लागि गर्नुपर्ने सुधारात्मक विषयमा छलफल गरेको देखिन्छ । सबै वडाहरुको घटनादर्ता अनलाइन प्रणालीबाट व्यवस्थित हुनुको साथै बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा संभावित राज्यको स्रोत दुरुपयोग हुनबाट बचाएको देखिन्छ । प्रसुति विदामा बसेका शिक्षकहरुको सट्टामा सट्टा शिक्षक ब्यवस्थापन गरी पठनपाठनलाई ब्यवस्थापन गरिएको, हिमगंगा मा.वि साँघुटारमा पशु विज्ञान अन्तर्गत प्राविधिक विषयको अध्ययन गराइएको, बालमैत्री नगरपालिका घोषणा गरेको देखिन्छ । अपाङ्गता भएका बालबालिकालाई स्वास्थ्य परीक्षण शिविर संचालन गर्नुको साथै नगरपालिकाले लैंङ्गिक हिंसा न्यूनीकरणको लागि विभिन्न अभियानहरु संचालन गरेको देखिन्छ । गर्भवती तथा सुत्केरी महिलालाई नि : शुल्क एम्बुलेन्स, भिडियो एक्स-रे सेवा, पौष्टिक आहार तथा स्वास्थ्य बीमा कार्यक्रम संचालन गरेको देखिन्छ । सन् २०३० सम्म रोविज उन्मुलनको राष्ट्रिय नीतिलाई सहयोग गर्न घरपालुवा तथा सामुदायिक कुकुर बन्ध्याकरणलाई अभियानको रुपमा नै संचालन गरिएको कृषकहरुलाई कृषि यान्त्रिकरण, खाद्यान्न, बीऊ बिजन वितरण गरेको देखिन्छ । रामेछाप नगरपालिका वडा नं ६ मा निर्माण भएको शित भण्डारमा जुनार स्टोर गरी कृषकहरुले चैत्र बैशाखमा समेत बिक्रि वितरण गरी आयआर्जन बृद्धि गरेको देखिन्छ ।

तथापि रामेछाप नगरपालिकाको आवधिक योजनाको अवधि सकिएको हुँदा यथाशीघ्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नगरपालिकाले सामाजिक उद्देश्य तथा उपलब्धी हासिल गर्न पर्याप्त लगानी, ठोस कार्यक्रम र आयोजनामा बृद्धि गर्नुपर्ने देखिन्छ । नगरपालिकामा गैसस, नीजी क्षेत्र र नगरबासीबीच साझेदारीमा बृद्धिगर्दै नतिजा तथा उपलब्धीमूलक बनाउन प्रयत्न गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन कार्यविधि स्थानीयकरण गरी सोही अनुसार कार्य गर्नुपर्ने, कृषि बीमा, स्वास्थ्य बीमा, पशु बीमा जस्ता कार्यक्रमलाई अझै प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । प्राथमिकतामा राखेको नगरको गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानीपानी लगायत सामाजिक सेवाको विकास र बिस्तार, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि, नगरस्तरीय गौरबका आयोजनाहरुको कार्यान्वयन पूर्बाधारका अन्य विकास र कार्यान्वयन, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास एवं सुशासन प्रबर्द्धन लगायत बिभिन्न विषयगत विकासको लागि आगामि आर्थिक बर्षमा कार्यक्रम तथा नीति बनाई कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । नगरपालिकाले आन्तरिक आय बढाउने कार्यक्रमहरुलाई बिशेष प्राथमिकता दिई कार्यन्वयनमा जोड दिनुपर्ने देखिन्छ । भौतिक पूर्बाधार निमार्णमा नगरपालिकाभित्र भएका विभिन्न प्रमुख र सहायक सडकहरुको विद्यमान अवस्था अध्ययन तथा सडक सञ्जालको प्राथमिकता क्रममा परेका सडकहरु क्रमिक रुपमा स्तरोन्नती गर्दै लैजाने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ । साथै नगरबासीको सहभागीतामा योजना तर्जुमा र कार्यान्वयन गर्ने प्रणाली अबलम्बन गरी योजना तथा कार्यक्रमहरुको सुपरिबेक्षण तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । रामेछाप जुनारको लागि प्रशिद्ध भएको हुँदा पहिचान तथा गुणस्तर कायम गर्न आवश्यक कार्यहरु गर्नुपर्ने देखिन्छ । नेपालमा लोपोन्मुख जातिको रुपमा हायू जातिको बसोवास रहेको हुँदा नेतृत्व तहमा ल्याउने विशेष कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

नगरको कामको चापको आधारमा आवश्यक दरबन्दी व्यवस्थापन गर्दै शाखालाई नै जिम्मेवारी बनाउनु देखिन्छ । जनप्रतिनिधि तथा कर्मचारीलाई पर्याप्त क्षमता विकास गर्ने, सामाजिक जवाफदेहिताका औजारहरु संस्थागत गर्ने, वडा तथा नगरस्तरीय योजनाको अनुगमन नतिजामा आधारित बनाई व्यवस्थित अनुगमन गर्ने, सुचनाहरु व्यवस्थित र प्रभावकारी रुपमा सार्वजनिकीकरण गर्दै योजना तर्जुमा प्रक्रिया थप सहभागीतात्मक बनाउनुपर्ने देखिन्छ । सेवा प्रदायक कर्मचारी तथा उपभोक्ता समितिको कामलाई पुरस्कार र दण्डको नीति अबलम्बन गर्न सके सेवाको प्रभावकारीता बढ्ने देखिन्छ । अन्तमा, सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढङ्गबाट अध्ययन गरी प्रतिवेदन प्रस्तुत गरिएकोछ । यसरी स्थानीय सरकारबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सो को बिश्लेषणबाट प्रभावसम्मको अवस्थाको आँकलन गर्न गरिएको सामाजिक परीक्षण निकै प्रभावकारी भएको देखिन्छ ।

## विषयसूची


| क्र.सं | विषयवस्तु | पेज नं. |
|---|---|---|
| **कार्यकारी सारांश** | | |
| १. | पृष्ठभूमि | १-२ |
| २. | सामाजिक परीक्षणको उद्देश्य | २ |
| ३ | अध्ययन विधि | २-५ |
| ४ | अध्ययनका सीमा | ५ |
| ५ | बृहत छलफल | ५ |
| ६ | विषयगत कार्यालय/गैरसरकारी संस्थाको विवरण | ५ |
| ७ | सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु | ५-९ |
| ८ | सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी कमजोरीहरु | ९ |
| ९ | सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु | १०-१५ |
| १० | अनुसूची-१, स्थानीय तहको विवरण अनुसूची-५ अनुसार | १६-३९ |
| ११ | अनुसूची-२,नगरपालिकाको विभिन्न योजनाको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रियाबाट प्राप्त सुझाव | ४०-४३ |
| १२ | अनुसूची-३, समुदायमा भरिएको फारामको नमूना | ४४-४५ |
| १३ | अनुसूची-४, सामाजिक परीक्षणमा उपस्थितिको माइन्यूटको प्रतिलिपि | ४६-४७ |
| १४ | अनुसूची-५, सामाजिक परीक्षणका केही तस्वीर | ४८-५२ |
| १५ | अनुसूची-६, सामाजिक परीक्षणमा संलग्न व्यक्तिको विवरण | ५३ |

**श्री नगर प्रमुखज्यू**
रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, बागमती प्रदेश, नेपाल ।

रामेछाप नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामेछाप र हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.भक्तपुरबीच रामेछाप नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सामाजिक परीक्षण संचालन गरी प्रतिवेदन तयार गर्नको लागि गरिएको संझौता बमोजिम प्रस्तावमा उल्लेख भए बमोजिमको प्रक्रिया पुरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरेका छौं ।

## १. पृष्ठभूमि

सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ अनुसार स्थानीय तहका योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याङ्कन गरी अध्ययन प्रतिवेदन तयार गर्ने औजारलाई सामाजिक परीक्षण भनिन्छ । सामाजिक परीक्षणले कुनैपनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण गर्दछ, जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भबिष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षणबीच केही समानताहरू छन् । यी दुबैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश तथा प्रतिवेदन तयार गरिन्छ । तर सामाजिक परीक्षणमा व्यवस्थापन, कार्यसमिति, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् । सामाजिक परीक्षण बर्षमा एकपटक गर्नुपर्ने बाध्यकारी ब्यवस्था रहेकोछ । यसका लागि स्थानीय तहसँग प्रत्यक्ष सम्बन्ध नभएको बिज्ञ ब्यक्ति वा संस्थालाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनुपर्दछ । सामाजिक परीक्षणको सहयोग तथा समन्वयका लागि स्थानीय तहले एक समन्वय समिति गठन गर्नेछ । समन्वय समितिको गठन बाध्यात्मक भने हुनेछैन ।

रामेछाप नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहिता बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वन प्रक्रिया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रक्रियामा सुधार गर्न, सार्वजनिक कोषको अत्युतम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तीको सुनिश्चितता गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिबृद्धि गर्न सामाजिक परीक्षण संचालन गरिन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नुको उपदफा (५) मा सबै स्थानीय तहले सार्वजनिक सेवा प्रबाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेहि बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुपमा संचालन गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेकोछ । सामाजिक परीक्षण कार्यविधिले आर्थिक बर्ष समाप्त भएको चार महिनाभित्र गराउनु पर्ने व्यवस्था गरेकोछ । उक्त व्यवस्था बमोजिम नगरपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एकपटक सामाजिक परीक्षण गर्नु पर्दछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै स्थानीय सरकारका ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकहरुलाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ ।

सामाजिक परीक्षणले समग्र योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले नगरबासीमा आर्थिक सामाजिक विकासले गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याङ्कन गर्ने कार्यलाई बुझाउँदछ । सामाजिक परीक्षण गर्दा आर्थिक बर्ष समाप्त भएपछि चालु आर्थिक बर्षको पहिलो चौमासिकभित्र गरिसक्नु पर्नेछ तर कुनै कार्यक्रम/आयोजना विशेषको थप सामाजिक परीक्षण गर्न समेत सक्ने समेत व्यवस्था कार्यविधिले गरेकोछ । यस कार्यलाई मूर्तरुप दिन परामर्शदाता संस्थाका विषय बिज्ञहरु परिचालन गरी स्थानीय सरकारले गत आर्थिक बर्ष लिएको नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याङ्कन गरी यो सामाजिक परीक्षण प्रतिवेदन तयार गरेकोछ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

रामेछाप नगरपालिकाको एक आर्थिक बर्षमा गरेका समग्र सामाजिक उत्तरदायित्व परीक्षण/लेखाजोखा गर्नु सामाजिक परीक्षणको मुख्य उद्देश्य रहेकोछ । सामाजिक परीक्षण संचालनको उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- स्थानीय सरकारले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्देश्य, बजेट आम्दानी र यसबाट प्राप्त सामाजिक उपलब्धीहरुको बिश्लेषण गर्ने ।
- नगरपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धी र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्ने ।
- नगरपालिकालाई कार्यक्रम संचालन गर्दा भएका चुनौती, उपलब्धी, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।
- नगरपालिकाको गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरी भावी कार्ययोजनाको लागि सुझाब प्रदान गर्ने ।
- लक्षित उद्देश्य पूरा भए/नभएको, बजेट सहि रुपमा खर्च भए/नभएको समिक्षा गर्दै स्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।

## ३. अध्ययन विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरि गरिएको थियो :

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

रामेछाप नगरपालिकाबाट नियुक्त परामर्शदाता संस्थाका विषयविज्ञ/सामाजिक परीक्षकहरुले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय सरकार संचालन ऐन २०७४, कार्यविधिहरू र निर्देशिकाहरू, नगरपालिकाको बार्षिक कार्यक्रम, लक्ष्य, प्राथमिकता, आवधिक तथा बार्षिक योजना, नगरकार्यपालिकाका निर्णय, नीतिगत व्यवस्था र कार्यक्रम, सामाजिक उपलब्धी, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाई प्रतिवेदन, सामाजिक परीक्षणको प्रतिवेदन, बार्षिक प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन तथा अभिलेखन गरिएको थियो । उक्त सामाग्रीहरुको अध्ययन पश्चात् यस नगरपालिकाले सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा समीक्षा र बिश्लेषण समेत गरी प्रतिवेदनमा समेटिएकोछ । अध्ययन तथा समीक्षाबाट नगरपालिको सामाजिक उत्तरदायित्व बिशेष गरी सामाजिक परीक्षण सम्बन्धी कानुनी, नीतिगत, निर्देशिका, कार्यविधि, योजना तथा नीति कार्यक्रमका व्यवस्थाहरु तपसिल बमोजिम प्रस्तुत गरिएकोछ । सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७७ मन्त्रालयबाट पठाई स्थानीय

सरकारले स्थानीयकरण गरी कार्यान्वयन गरिरहेका छन् । सोही कार्यविधि अनुरुप नगरपालिकाको सामाजिक परीक्षण संचालन गरिएको थियो ।

## ३.२ सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण

स्थानीय सुशासनको सन्दर्भमा उत्तरदायित्वको आवश्यकता, उत्तरदायित्वका विभिन्न औजारहरु लगायत सामाजिक परीक्षणका सैद्धान्तिक पक्ष र कार्यविधिको जानकारी, प्रयोग, सामाजिक परीक्षण विधि तथा प्रक्रिया समेत जनप्रतिनिधि, नगरपालिकाको कर्मचारी, विषयगत समिति संयोजक, वडा अध्यक्ष, कार्यपालिका सदस्य लागि अभिमुखीकरण तथा प्रारम्भीक प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रम **२०८३ साल बैशाख १५ गते** संचालन गरिएको थियो । रामेछाप नगरपालिकाको सभा हलमा आयोजना गरिएको कार्यक्रममा **२१ जना**को सहभागीता रहेको थियो ।

## ३.३. नगरस्तरीय सामाजिक परीक्षण समन्वय समिति परिचालन

रामेछाप नगरपालिकाले सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ बमोजिम सामाजिक परीक्षण कार्यको समन्वय तथा सामाजिक परीक्षकलाई सहयोग गर्न नगरस्तरीय सामाजिक परीक्षण समन्वय समिति गठन गर्ने व्यवस्था कार्यविधिले गरे बमोजिमको सामाजिक परीक्षण सम्बन्धी कार्यलाई समन्वय र सहयोगको लागि व्यवस्था गर्ने सबै जिम्मा परामर्शदाता मार्फत गरिएको थियो ।

## ३.४. मुख्य पदाधिकारीसँग अन्तरवार्ता

रामेछाप नगरपालिकामा संचालन गरिएको सामाजिक परीक्षणको क्रममा परीक्षणको विधि तथा प्रक्रिया र कार्यविधिमा तोकिएका सूचकहरूका आधारमा परामर्शदाता संस्थाका सामाजिक परीक्षकहरुले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरु, विषयगत शाखा प्रमुख/ जनप्रतिनिधिसँग अर्धसंरचित अन्तरबार्ताबाट सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो । सूचना तथा तथ्याङ्क संकलनको क्रममा नगरपालिका, वडा कार्यालय, कार्यपालिका सदस्य, बिषयगत समिति संयोजक, बिषयगत शाखा प्रमुख, उपभोक्ता समितिका पदाधिकारी तथा सेवाग्राहीसँग अन्तरबार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित शाखा प्रमुख तथा कर्मचारीहरूसँग छलफल गरिएको थियो । साथै सामाजिक परीक्षण प्रतिवेदन तयार गर्ने सन्र्दभमा प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएकोछ ।

## ३.५.समूह छलफल

सामाजिक परीक्षणका विधि तथा प्रक्रिया बमोजिम कार्यविधिमा तोकिएका सूचकहरु तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा अन्तरवार्ता, समूह केन्द्रीत छलफलबाट समेटिन नसकेका विषयहरूका लागि नगरपालिका तथा विषयगत शाखाका कर्मचारी र सेवाग्राहीको सानो समूहमा समूह छलफल गरी सूचना संकलन तथा छलफलको निष्कर्ष निकालिएको थियो ।

- सुचक अनुसारको मुख्य अन्तरवार्ता : प्रशासन, कृषि, शिक्षा, स्वास्थ्य, पूर्बाधार, खानेपानी, पशु सेवा, महिला तथा बालबालिका, लेखा, पञ्जीकरण, उद्यम विकास, प्रधानमन्त्री रोजगार कार्यक्रम, सुचना तथा प्रविधि शाखा आदि ।
- समूह छलफल (लक्षित समूह, उपभोक्ता समूह/समिति तथा सेवाग्राही)

### ३.६ स्थलगत अवलोकन तथा निरीक्षण

सामाजिक परीक्षणका क्रममा रामेछाप नगरपालिकाको विभिन्न योजनाहरुको सामाजिक प्रभावको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रिया र अभिमत संकलनबाट प्राप्त राय, प्रतिक्रिया र सुझावलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएकोछ । साथै रामेछाप नगरपालिकाबाट पूर्वाधार विकास लगायत कार्यान्वयन भएका विभिन्न योजनाबाट सामाजिक रुपमा पारेका प्रभावहरुको स्थलगत अवलोकन गरिएको थियो । जुन ***अनुसूची-२*** मा राखिएकोछ ।

### ३.७ प्रतिवेदन तयारी

सामाजिक परीक्षणको प्रतिवेदनको सन्दर्भमा सुचना संकलन, अनुसन्धान, विभिन्न छलफल, अन्तरक्रिया तथा पृष्ठपोषण प्राप्त भएपश्चात् सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-९ बमोजिम निम्नानुसार तयार गरिएकोछ :

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि
- अध्ययनको सीमा
- बृहत छलफलको कार्यक्रमको विवरण
- स्थानीय तहको विवरण (अनुसूची-५ र ६)
- सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु
- सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी कमजोरीहरु
- सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय तहले चाल्नुपर्ने कदमहरु वा सुझावहरु

### ३.८ प्रारम्भीक प्रतिवेदन प्रस्तुती

**२०८३ साल बैशाख १५ गते** रामेछाप नगरपालिकामा सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची ५, ६ र ९ अनुसारको प्रतिवेदन नगरपालिकाको कार्यपालिका सदस्य तथा प्रशासन शाखा, कृषि विकास, शिक्षा, स्वास्थ्य लगायतका शाखासँग प्रारम्भीक प्रतिवेदनको रुपमा प्रस्तुत गरिएको थियो । प्रारम्भीक प्रतिवेदनमा निम्न विषयहरु उल्लेख गरिएको थियो :

- प्रतिवेदनको ढाँचा । (परिचय, नगरपालिकाको प्राथमिकता तथा लक्ष्यहरू, मुख्य-मुख्य उपलब्धीहरू, मुख्य-मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू, भोगेका समस्याहरू, सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरु )
- कार्यविधिको अनुसूची-५ बमोजिमको ढाँचाको सुचकहरुको विवरण ।
- नगरपालिकाबाट भएका नीतिगत निर्णय तथा प्रक्रियागत सुधार, विकास योजनामा जनसहभागीताको अवस्था, समयमा प्रभावकारी सेवा सुविधा दिन विधि, बालवालिका, महिला, दलित, जनजाति, गरीब, जेष्ठ नागरिक लगायतका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता, सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको अवस्था, सामाजिक उत्तरदायित्व पूरा गर्न अपनाइएको कार्यशैली, नगरपालिका तथा वडाहरुमा सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग र प्रभावकारीताको विषयमा पृष्ठपोषण प्राप्त भएको ।
- प्रारम्भीक प्रतिवेदनका विषयवस्तुमा प्राप्त सुझावको आधारमा सामाजिक परीक्षकबाट अन्तिम प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गरेको ।

### ३.९ प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन

सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-९ अनुसार नगरपालिकाको प्रमुख समक्ष पेश गरिएकोछ । नगरपालिकाले सामाजिक परीक्षण प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेश गरी मुख्य-मुख्य बुँदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) बिश्लेषण गरी सार्वजनिक गर्नेछ । सामाजिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न नगरपालिकाले नीतिगत निर्णय गर्ने अपेक्षा गरिएकोछ ।

## ४. अध्ययनको सीमा

रामेछाप नगरपालिकामा संचालन गरिएको सामाजिक परीक्षणको क्षेत्र र सीमा निम्नानुसार रहेका छन् :

- नगरपालिकाले गरेका नीतिगत निर्णय र प्रक्रियागत सुधारले पुगेको प्रभावका बारेमा अध्ययन गरिएको ।
- नगरपालिकाले संचालन गरेको विकास योजनामा जनसहभागीता तथा सामाजिक प्रभावको स्थितिको अध्ययन गरिएको ।
- नगरपालिकाले समयमा सेवा सुविधा दिन नसक्दा जनताले भोगेका समस्याको अध्ययन गरिएको । *(यसमा संघ, प्रदेश र अन्य मन्त्रालयले दिने प्रत्यक्ष सेवा समावेश गरिएको छैन )*
- समय तथा श्रोत साधनको कमीको कारण सामाजिक परीक्षणको क्रममा अन्तरवार्ता, समूहगत छलफल, स्थलगत अवलोकन, अध्ययन तथा सर्बेक्षण गर्दा आवश्यक व्यक्ति, समूह, आयोजना तथा कार्यक्रमलाई व्यापक र सघन रुपमा अध्ययन तथा बिश्लेषण गर्न सकिएको छैन । तरपनि प्रतिनिधिमूलक रुपमा सामाजिक क्षेत्रका आयोजना तथा कार्यक्रम, सेवा प्रवाहमा बिशेष जोड दिइएकोछ ।

## ५. बृहत छलफल कार्यक्रमको विवरण

क. मिति : २०८३/०१/१५
ख. स्थान : नगरपालिकाको सभाहल रामेछाप बजार
ग. समय : दिनको २ बजेदेखि

## ६. विषयगत कार्यालय/गैर सरकारी संस्थाहरुको विवरण

सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-५ अनुसारको विवरणको सामाजिक परीक्षण प्रतिवेदनको ***अनुसूची-१*** मा राखिएको छ । साथै नगरपालिका स्थित गैरसरकारी संस्थाहरुको कामलाई अध्ययनको क्षेत्रभित्र समेटिएको छैन ।

## ७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

- ✓ रामेछाप नगरपालिकाबाट मध्यकालीन खर्च संरचना, कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण, रोजगार रणनीति, रोजगार मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि निर्माण भई सोही अनुसार कार्यान्वयन भएको ।
- ✓ स्थानीय तह संस्थागत स्वमूल्याङ्कन र स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा सुधार भएको ।
- ✓ एकिकृत घुम्ती शिविर मार्फत जनस्वास्थ्य, कृषि विकास र पशु स्वास्थ्य सेवाहरु प्रवाह गरिएको ।
- ✓ सडक संजाल मार्फत रामेछाप नगरपालिकाको केन्द्रबाट सबै वडा कार्यालय जोडिएको ।
- ✓ रामेछाप नगरपालिका तथा सबै वडा कार्यालयहरु आफ्नै भवनबाट संचालित भई सेवा प्रवाह गरेको ।

- ✓ नगरपालिकाभित्र ७.३ किलोमिटर ट्र्याक, १०.६१ किलोमिटर स्तरोन्नती र ५.१५ किलोमिटर सडक कालोपत्रे गरेको ।
- ✓ ५ स्थानमा सार्वजनिक शौचालय र ९ स्थानमा प्रतिक्षालयको स्थापना गरेको ।
- ✓ ४० वटा सिंचाई ट्याङ्की तथा २०० मिटर सिंचाई कुलो निर्माण गरिएको ।
- ✓ ७ वटा खानेपानी ट्यांङ्की निर्माण गरी १०६ वटा एकघर एकधारा निर्माण गरिएको ।
- ✓ एलडीटीएसँगको सहकार्यमा कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास तालिम संचालन गरिएको ।
- ✓ कारागार परिसरमा खानेपानीको व्यवस्थापन, धारा जडान र कैदी बन्दीहरुका लागि औषधी तथा सेनेटरी प्याड, महिला बन्दीका लागि टि.भि. र खेलकुद सामाग्री (क्याराम, चेस, भलिबल) वितरण गरिएको ।
- ✓ करिब ५ करोडको लागतमा नेपाल भारत विकास सहयोग र नगरपालिकाको साझेदारीमा वडा नं. ८ मा मालागिरी शान्ति योगाश्रम ठेक्का मार्फत निर्माण कार्य भई रहेको ।
- ✓ एकद्वार प्रणालीबाट खरिद प्रक्रिया गरिएको ।
- ✓ इएफटीबाट भुक्तानी गर्ने गरिएको ।
- ✓ नगरपालिकामा शाखा प्रमुखहरुको नियमित बैठक बसी छलफल गर्ने गरेको ।
- ✓ सबै वडाहरुको घटनादर्ता अनलाइन प्रणालीबाट व्यवस्थित हुनुको साथै बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरिएको ।
- ✓ लक्ष्मी सनराइज बैंकले वडा कार्यालयको समन्वयमा नागरिकलाई बस्तीमा नै गएर सामाजिक सुरक्षा भत्ता वितरण गरेको ।
- ✓ चौमासिक रुपमा एकिकृत घुम्ती सेवा सहितको नगरपालिकाले सार्वजनिक सुनुवाई संचालन गरेको ।
- ✓ नगरपालिकाको हरेक योजनाको सार्वजनिक परीक्षण गर्ने गरिएको ।
- ✓ हरेक वर्ष नगरपालिकाको सामाजिक परीक्षण संचालन गरिएको ।
- ✓ नगरपालिकाभर उत्कृष्ठ सेवा प्रवाह गर्ने ११ जना कर्मचारी र उपभोक्ता समिति, विद्यालय, सहकारी, वडा कार्यालय गरी १५ जनालाई नगद र दोसल्ला सहित सम्मान गरिएको ।
- ✓ पेश्की फट्र्छौटका लागि सम्बन्धित पक्षहरुसँग छलफल गरिएको ।
- ✓ समयमा नै योजना तर्जुमा गरी नगर सभा सम्पन्न भएको ।
- ✓ नगरपालिकाको प्रशासकीय भवनमा स्तनपान कक्ष, पहिलो तल्ला अपाङ्गमैत्री तथा प्रतिक्षा कक्षको व्यवस्थापन गरिएको ।
- ✓ प्रकोप व्यवस्थापन कोष स्थापना गर्दै राहत पुनस्थापना तथा विपद् पुर्व तयारी सामाग्री व्यवस्थापन गरिएको ।
- ✓ वन डढेलो लगायत आगलागी, बाढी पहिरो तथा अन्य विपद् व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन र स्वयंसेवक व्यवस्थापन गरिएको ।
- ✓ नगरपालिकाको सबै वडा कार्यालयबाट नागरिकताको सिफारिस अनलाईन प्रणालीबाट गर्ने गरिएको ।
- ✓ खानेपानी समस्या समाधानका लागि सुख्खा ग्रस्त क्षेत्रमा खानेपानी ट्याङ्की वितरण, लिफ्ट र खानेपानी योजना संचालन गरी स्वच्छ खानेपानीको व्यवस्थाको प्रयत्न गरेको ।
- ✓ महिलासँग उपमेयर कार्यक्रम अन्तर्गत नगरपालिकाका ९ वटै वडाहरुमा २२३ जना सुत्केरी महिलाहरुलाई हाईजिन किट तथा घिऊ र तेल वितरण गरिएको ।

- ✓ विभिन्न स्वास्थ्य शिविरहरुमा १५८ जना सेवाग्राहीहरुलाई भिडियो एक्सरे, भिआईए परीक्षण, आँखा परीक्षण प्रयोगशाला तथा अन्य सेवा उपलब्ध गराईएको ।
- ✓ नगरपालिकामा रहेका सबै वडाहरुका लक्षित बर्ग (६० वर्ष माथिका दलित तथा ६५ वर्ष माथिका ज्येष्ठ गरी २८३ जना नागरिकको नि:शुल्क स्वास्थ्य बीमा गरिएको ।
- ✓ अस्पताल तथा स्वास्थ्य चौकीमा संकलन हुने राजश्व नगरपालिकाको संचित कोषमा दाखिला गरी जोखिम न्युनीकरण गरिएको ।
- ✓ ९७ जना गर्भवती महिलाहरुको लागि विभिन्न प्रसुतिजन्य सेवाका लागि बर्थिङ सेन्टरसम्म आउन जान तथा रेफर गर्दा नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको ।
- ✓ सीमान्तकृत जाति (हायू र माझी) समुदायको गर्भवति महिला स्वास्थ्य संस्थामा सुत्केरी भए वापत् २६ जनालाई ५ हजारको दरले प्रोत्साहन भत्ता उपलब्ध गराइएको ।
- ✓ साँघुटार स्वास्थ्य चौकीलाई किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गरिएको ।
- ✓ मुख्य मन्त्री तथा जनता स्वास्थ्य परीक्षण कार्यक्रम अन्तर्गत १६५२ जनाले सेवा लिएका ।
- ✓ नगरपालिकाको वडा नं ७ र ८ मा एकघर एक स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिएको ।
- ✓ ज्येष्ठ नागरिकसँग मेयर कार्यक्रम अन्तर्गत ७८ बर्ष माथिका ९५० जना ज्येष्ठ नागरिकलाई पौष्टीक खानेकुरा तथा अत्यावश्यक खानेकुरा वितरण गरिएको ।
- ✓ नगरपालिकाको ८५ जनालाई दीर्घरोग वापत्को मासिक ५ हजार उपलब्ध गराइएको ।
- ✓ क्यान्सर, मृगौला, मुटुरोग, हेड इन्जुरी, ढाडको चोट लगायतका दीर्घ रोगको नि : शुल्क उपचारको लागि ७६ जनालाई सिफारिस गरिएको ।
- ✓ प्रसुति विदामा बसेका शिक्षकहरुको सट्टामा सट्टा शिक्षक ब्यवस्थापन गरी पठनपाठनलाई निरन्तरता दिइएको ।
- ✓ रामेछाप नगरपालिकाको छात्रबृत्ति वितरण सम्बन्धी कार्यविधि २०७९ अनुसार कृषि तथा पशु विज्ञान प्राविधिक विषयमा प्रविणता प्रमाण पत्र तहमा अध्ययनरत १८ जनालाई बार्षिक रु ४५ हजारको दरले र स्नातक तहमा कृषि, पशु स्वास्थ्य विज्ञान र स्वास्थ्य विज्ञान अध्ययनरत ३ जनालाई बार्षिक रु १ लाख २५ हजारको दरले छात्रबृत्ति प्रदान गरिएको ।
- ✓ नगरपालिकाले शैक्षिक क्यालेण्डर बनाई विद्यालयहरुमा हुने क्रियाकलापहरुमा एकरुपता कायम गरेको ।
- ✓ शिक्षकहरुलाई आवश्यकता अनुसार तालिम प्रदान गरिएको ।
- ✓ अनिवार्य तथा नि:शुल्क शिक्षा लागु भएको नगरपालिका घोषणा गरिएको ।
- ✓ विद्यालयहरुको भौतिक अनुगमन गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान गरिएको ।
- ✓ विद्यालयमा कार्य तथा तथ्याङ्क व्यवस्थापनका लागि सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकलाई आवश्यकता अनुसार तालिम प्रदान गरिएको ।
- ✓ नगर शिक्षा गुरु योजना निर्माण भई कार्यान्वयन भएको ।
- ✓ एसइई तथा कक्षा १२ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने ५ जना विद्यार्थी र एउटा विद्यालयलाई सम्मान तथा पुरस्कृत गरिएको ।
- ✓ हिमगंगा मा.वि साँघुटारमा पशु विज्ञान अन्तर्गत ६२ जनाले प्राविधिक विषयको अध्ययन गरि रहेको ।
- ✓ न्यायिक समितिमा आएका ५५ वटा उजुरीहरु मध्ये ५३ वटा अर्थात् ९६ प्रतिशत उजुरी फछ्यौट भएको ।
- ✓ बाल विवाह मुक्त, बाल श्रममुक्त तथा बालमैत्री वडा र नगर घोषणा गरी कार्यान्वयन गरिएको ।

- ✓ लैङ्गिक हिंसा निवारण कोष तथा बाल कोषमा रकम थप गरिएको ।
- ✓ बाल विवाह तथा बालश्रम बिरुद्ध अभिभावकहरु सचेत भएको ।
- ✓ महिलाको लागि सीप विकास तालिमहरु संचालन गरिएको ।
- ✓ नगरपालिकाले लैँङ्गिक हिँसा न्यूनीकरणको लागि अभियानहरु संचालन गरेको ।
- ✓ २३ जना अपाङ्गता भएका व्यक्तिको अपाङ्गता परिचय-पत्र वितरण गरिएको ।
- ✓ राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तरगत वडा नं. ६, ७ र ८ नं. वडाका २५ जना विपन्न महिलाहरुलाई गोला सहितको मौरीघार वितरण गरी आयआर्जनमा सहयोग गरिएको ।
- ✓ आमाबाबु दुवै जनाको मृत्यु नभएका ३ जना बालबालिकालाई मासिक दुई हजारको दरले वार्षिक आर्थिक सहायता गरिएको ।
- ✓ नगरपालिकाले ग र घ बर्गको १२१ जना अपाङ्गता भएका ब्यक्तिलाई न्यानो सिरक वितरण गरिएको ।
- ✓ शारीरिक अपाङ्गता भएका ११ जना व्यक्तिहरुको लागि सहायक सामाग्री वितरण गरिएको ।
- ✓ दलित उत्थान कार्यक्रम अन्तर्गत वडा नं ४ मा दलित समुहलाई रीती संरक्षण गर्न पञ्चे बाजा वितरण गरिएको ।
- ✓ सन् २०३० सम्म रोविज उन्मुलनको राष्ट्रिय नीतिलाई सहयोग गर्न नगरभित्रका २ सय घरपालुवा तथा सामुदायिक कुकुर बन्ध्याकरण गरी उक्त कार्य अभियानको रुपमा नै संचालन गरिएको ।
- ✓ पशुपालन प्रबर्द्धन कार्यक्रम अन्तर्गत ६८ वटा भैसी र २ वटा राँगो कृषकलाई वितरण गरिएको ।
- ✓ उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान ३६ जना कृषकलाई वितरण गरिएको ।
- ✓ प्राङ्गारिक मल कारखाना स्थापनाको लागि स्वीकृत भई त्रिपक्षिय सम्झौता भई कार्य भइरहेको ।
- ✓ रामेछाप नगरपालिका वडा नं ६ मा निर्माण भएको शित भण्डारमा जुनार स्टोर गरी कृषकहरुले चैत्र, बैशाखमा समेत बिक्रि वितरण गरी आयआर्जन बृद्धि गरेको ।
- ✓ अनुदानममा कृषि यान्त्रिकरण, खाद्यान्न, बीऊ, बिजन वितरण गरेको ।
- ✓ रामेछाप नगरपालिकाले नीतिमा नै समावेश गरी रैथाने बालीको संरक्षण गर्ने कार्यक्रमहरु संचालन गरेको ।
- ✓ स्थानीय श्रोत साधानको प्रयोग गरी मेड्पा मोडलमा नयाँ उद्यमी सिर्जना कार्यक्रमबाट ४२ जना तथा पुराना लघु उद्यमीहरुको स्तरोन्नती कार्यक्रमबाट २५ जना र गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट नयाँ उद्यमी सिर्जना ३० जना तथा स्तरोन्नतीबाट २० जना उद्यमीहरुलाई तालिम प्रदान गरी ७५ प्रतिशत उद्यमीहरु स्वरोगार भएका ।
- ✓ रामेछाप नगरपालिका भित्र ब्यवसाय गरि रहेका उद्यमीहरुलाई थप बजेटको ब्यवस्था गरी ५३ जना उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमबाट मेसिन उपकरण उपलब्ध गराई उत्पादन, उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गरी आय आर्जनमा समेत बृद्धि गरिएको ।
- ✓ सहकारी संस्थाका संचालक तथा सहकारी संस्थाका व्यवस्थापकलाई क्षमता विकास तालिम संचालन गरिएको ।
- ✓ हाउस वाइरिङ, उन बुनाई, दुना टपरी लगायतका तालिम लिएमा ब्यक्तिहरुले ब्यवसायीक भई आय आर्जन लागेको ।
- ✓ नगरपालिकामा ४ सय ५६ जना जना बेरोजार सुचीकृत भएकोमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ११२ जनाले रोजगारी पाएका ।

- ✓ बैदेशिक रोजगार बोर्ड बागमती प्रदेश सरकारको सहयोगमा ६० जना युवाहरुलाई ६५ दिने सिपमुलक प्लम्बिङ तालिम सञ्चालन गरिएको ।
- ✓ लागत साझेदारीमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु कार्यान्वयन भएको ।
- ✓ बैदेशिक रोजगारीमा गएका ब्यक्तिहरुको मृत्यु वा अन्य रोगी भएको अवस्थामा घरपरिवारलाई सहयोग गरेको ।
- ✓ बैदेशिक रोजगारमा मृत्यु भएका विभिन्न परिवारको ६ जना बालबालिकालाई बैदेशिक रोजगार बोर्ड मार्फत १२ हजारदेखि १८ हजारसम्म शैक्षिक सहयोग प्रदान गरिएको ।

## ८. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमीकमजोरीहरु

- साना टुक्रे योजनामा बजेट विनियोजन गर्ने प्रवृती नियन्त्रण गर्न नसकिएको ।
- आन्तरिक स्रोतमा बढोत्तरी गर्न नसकिएको ।
- योजना कार्यान्वयनमा उपभोक्ताको लागत सहभागिता जुटाउन तथा हरेक ठाउँमा अर्थपूर्ण जनसहभागीता घट्दै गएको ।
- दरवन्दी अनुसार जनशक्तिको व्यवस्था र दक्षताको अभाव रहेको ।
- नगरपालिकामा भएका जनशक्तिलाई टिकाउन समस्या रहेको ।
- नगरपालिकामा लोपोन्मुख हायूजाति रहेपनि विशेष कार्यक्रमहरु संचालन नभएको ।
- रामेछाप नगरपालिकाले जुनारलाई पकेट क्षेत्रको रुपमा विकास गरेपनि मूल्य निर्धारण, ब्राण्डिङ, लेभलिङ जस्ता कार्य गर्न नसकेको ।
- अन्तर स्थानीय तह समन्वयको अभाव रहेको ।
- सार्वजनिक परीक्षणलाई ब्यवहारिक तथा प्रभावकारी बनाउन नसकिएको ।
- शाखागत समन्वय तथा शाखालाई पूर्ण जिम्मेवारी दिन नसकिएको ।
- जनप्रतिनिधि, कर्मचारी र लाभग्राहीको समयानुकूल क्षमता विकास हुन नसकेको ।
- नगरपालिकाको बाार्षिक नीतिले सबै वर्ग तथा क्षेत्रलाई समेट्न नसकेको ।
- सामाजिक उपलब्धीलाई पुष्ट्याई गर्ने तथ्याङ्कीय आधार, अध्ययन र सर्वेक्षणमा कमी रहेको ।
- आर्थिक रुपमा सम्पन्न भएता पनि सामाजिक र साँस्कृति तथा मानविय रुपमा कमजोर वर्गको आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन नसकेको ।
- लक्षित वर्ग, समुदाय र सामाजिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने खानेपानी तथा सरसफाईको क्षेत्रमा नगरपालिकाको कार्यक्रम, लगानी र उपलब्धी कम भएको ।
- नगरपालिकाको साना किसान लक्षित कार्यक्रमहरु नभएको ।
- सामाजिक विकृति, विसङ्गती विरुद्धका ठोस कार्यक्रमहरु नभएको ।
- नगरपालिकाको आन्तरिक स्रोत कमी भएको ।
- पहाडि भूगोलका कारण आवश्यकता अनुरुप बस्तीमा सडक पहुँच पुर्‍याउन गाह्रो रहेको ।
- स्थानीय उत्पादन व्यवसायीकरण, संकलन र बजारीकरणमा चुनौती रहेको ।
- कृषि, पशु विकास तथा सामाजिक समावेशीकरण अत्यावश्यक सेवा भएपनि नीति र बजेटमा प्रभावकारी कार्यान्वयन हुन नसकेको ।
- सिंचाईको पर्याप्त ब्यवस्थापन नहुँदा कृषि कार्यक्रमलाई प्रत्यक्ष असर गरेको ।
- गाउँघर क्लिनीक र खोप क्लिनीक संचालनमा भवनको अभाव रहेको ।
- नगरपालिकामा रहेका बेरोजगार ब्यक्तिहरुलाई रोजगारीको अवसर कम सिर्जना भएको ।

## ९. सामाजिक जिम्मेवारी पूरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु

### क. नगरपालिका (समग्र)

- नगरपालिकाको आबधिक योजनाको समय आ. २०७९/०८० मा नै सकिएको हुँदा यथाशीघ्र निर्माण गरी सोही अनुसार कार्य गर्नुपर्ने ।
- नगर बस्तुस्थिति विवरण, नगर यातायात गुरु योजना जस्ता अत्यावश्यक नीतिहरु समयमा नै तर्जुमा गरि कार्यान्वयन गर्नुपर्ने ।
- स्थानीय तह संस्थागत स्वमूल्याङ्कन र स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कनमा नतिजा राम्रो देखिएको हुँदा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनमा सत् प्रतिशत नतिजा आउने गरी कार्य सम्पादन गर्नुपर्ने ।
- नगरपालिकाले सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण) लाई स्थानीयकरण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- नगरपालिकामा नागरिक सन्तुष्टि सर्बेक्षण गर्ने विधिहरुको प्रयोग बढाउनुपर्ने ।
- जनप्रतिनिधि तथा कर्मचारीको आचार संहिता बनाई कार्यस्थलमा टाँस्नुपर्ने ।
- नगरपालिकाले सेवा प्रवाह निर्देशिका बनाई कार्यपालिका बैठकमा प्रस्तावको रुपमा नै सेवा प्रबाह प्रक्रियाको विषयलाई समावेश गरी छलफल गर्नुपर्ने ।
- नगरपालिकाको बार्षिक बजेट, कार्यक्रम, योजना र यसका प्रगतीहरू अद्यावधिक गरी वेवसाइटमा राख्नुपर्ने ।
- स्थानीय सरकार संचालन ऐनले तोके अनुसार आर्थिक कारोवार सम्बन्धी विवरण मासिक रूपमा सार्वजनिक गर्नुपर्ने ।
- शाखाको कार्यलाई प्रभावकारी बनाउन आवश्यक कर्मचारीको ब्यवस्थापन गरी शाखा प्रमुखलाई पूर्ण जिम्मेबारी सहित काम गर्ने अधिकार प्रत्यायोजन गर्नुपर्ने ।
- भवन निर्माण संहिता बनाई अनिवार्य रुपमा लागू गर्नुपर्ने ।
- अन्य नगरपालिकासँग साझा चासोका विषय र परियोजनाहरूको पहिचान गरी सहकार्य बढाउनुपर्ने ।
- नगरपालिकाको तर्फबाट विभिन्न विधामा उत्कृष्ठ कार्य गर्ने ब्यक्ति तथा संस्थालाई पुरस्कार दिने ब्यवस्थालाई ब्यवस्थित गर्दै निरन्तरता दिनुपर्ने ।
- नगरपालिकाको विकट क्षेत्रहरू लक्षित गरी स्वास्थ्य, कृषि, पशु, अपाङ्गता परिचयपत्र लगायतका सेवा एकीकृत रूपमा घरदैलोमा पुऱ्याउन घुम्ती सेवा मार्फत दिइएको सेवालाई नियमित र निरन्तर रुपमा संचालन गर्नुपर्ने ।
- नगरपालिकाको बार्षिक कार्यक्रम तथा बजेट आर्थिक बर्षको सुरुमा नै विभिन्न माध्यमबाट सार्वजनिक गर्ने र सरोकारवालाहरूलाई जानकारी गराउने ब्यवस्था मिलाउनुपर्ने ।
- स्थानीय गैससँग प्रभावकारी रुपमा समन्वय गरी कार्यक्रम संचालन, अनुगमन, मूल्याङ्कन र सहयोग बढाउनु पर्ने ।
- नगरपालिकाले योजना तर्जुमा गर्दा रोजगारी र गरीबी निवारण लक्षित योजनाहरू समावेश गर्नुपर्ने ।
- नगरपालिकाको कर्मचारी र जनप्रतिनिधि बीचको हार्दिकता बढाउनु पर्ने ।
- टोल बिकास संस्था मार्फत गरिएको योजना कार्यान्वयन तथा रेखदेखलाई निरन्तरता दिँदै भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनको अभियानमा समावेश गराउनुपर्ने ।
- नगरपालिकाको आन्तरिक आर्थिक श्रोत बृद्धिमा दर भन्दा दायरा फराकिलो बनाउनुपर्ने ।
- नगरपालिकाको वातावरणको संरक्षण एवं प्रबर्द्धन गरी पर्यटन विकासमा जोड दिने योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।

- नगरपालिकाको आर्थिक कारोवार, राजश्व जस्ता नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा बिद्युतीय प्रणालीको प्रयोग अनिवार्य गर्नुपर्ने ।
- नगरपालिकाको प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र केही शाखा प्रमुखसँग गरिएको कार्य सम्पादन करार संझौता सबै शाखा प्रमुखसँग गरी नतिजामा आधारित बनाउने कार्य गर्नुपर्ने ।
- नगरपालिका मातहतका निकायमा नागरिक बडापत्र र उजुरी पेटिकालाई अनिवार्य गरी नागरिकको सहज पहुँचमा राखी प्रभावकारी र व्यवहारिक बनाउनु पर्ने ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका क्षेत्रहरु पहिचान गरी कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- सार्वजनिक सेवामा नागरिकको सहज पहुँचको लागि सूचना प्रविधिको प्रयोग बढाउनु पर्ने ।
- नगरपालिकाको अनुगमन, मूल्याङ्कन प्रणालीलाई ब्यवस्थित तथा नतिजामा आधारित बनाउनु पर्ने । साथै योजनाहरुको कार्यविधि अनुसार सार्वजनिक परीक्षण गरे/नगरेको विषयमा स्थलगत रुपमा प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- विषयत समिति तथा नगरपालिकाको कर्मचारी बैठकलाई नियमित, सहभागीतामूलक र प्रभावकारी बनाउनुपर्ने ।
- सडकहरुको नियमित मर्मत सम्भार गर्न मर्मत सम्भार कोषको स्थापना भएको हुँदा अझै प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- उपभोक्ता समितिले गरेको कामलाई दीगो बनाउन उपभोक्ता समितिलाई थप जिम्मेबार तथा जवाफदेहि बनाउनु पर्ने ।
- आवश्यकता अनुसार सार्वजनिक स्थलमा प्रतिक्षालय, पार्क, सार्वजनिक शौचालय र सुरक्षित खुल्ला क्षेत्र निर्माणको थप कार्यहरु प्राथमिकताको साथ गर्नुपर्ने ।
- बैंक तथा वित्तीय संस्थासँग सह लगानीमा उद्यम विकास कोष स्थापना गर्दै प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुपर्ने ।
- नेपालमा नै लोपोन्मुख जातिको रुपमा हायु जातिको बसोवास रहेको हुँदा नेतृत्व तथा सार्वजनिक सेवाको पहुँचमा ल्याउने विशेष कार्यक्रम बनाउनु पर्ने ।
- गैर सरकारी संस्था समन्वय डेक्सलाई अझै प्रभावकारी बनाउँदै गैससको स्रोत र क्षमताको अधिकतम उपयोग गर्नुपर्ने ।
- उपभोक्ता समिति गठन गरी अनिवार्य रुपमा काम, कर्तब्य, जिम्मेवारी र कागजातको विषयमा अनुशिक्षण संचालन गर्नुपर्ने ।

## ख. स्वास्थ्य सेवा तर्फ

- नगरका सबै नागरिकको पहुँच हुने गरी स्वास्थ्य बीमाको कार्यक्रमलाई अझै बिस्तार गर्नुपर्ने ।
- नगरपालिकाको प्रत्येक वडालाई पायक पर्नेगरि प्रसुति सेवा सहितको स्वास्थ्य सेवा स्थापना गर्नुपर्ने ।
- स्वास्थ्य संस्थाको स्तर अनुसार एक्स-रे, स्वास्थ्य प्रयोगशाला जस्ता न्यूनतम सेवा दिने उपकरण र जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
- स्वास्थ्य संस्थामा रहेका बर्थिङ्ग सेन्टरहरुको गुणस्तर बृद्धि गर्नुपर्ने ।
- नगरपालिकाको विकट क्षेत्र, अपाङ्गता भएका ब्यक्ति, अशक्त, असहाय बृद्धहरुलाई गाउँघरमा स्वास्थ्य सेवा प्रदान गर्ने ब्यवस्थालाई निरन्तरता दिनुपर्ने ।
- नगरपालिकामा रहेका आमा समूह तथा स्वास्थ्य संजाललाई सक्रिय बनाउनुपर्ने ।
- स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको निः शुल्क औषधी सरल र सहज रुपमा पाउने व्यवस्था तथा सचेतनाका कार्यक्रमहरु संचालनको ब्यवस्था मिलाउनु पर्ने ।

- नगरभित्रका सबै स्वास्थ्य संस्थाहरुमा सामाजिक परीक्षण अनिवार्य गराउनुपर्ने ।
- किशोरावस्थाको गर्भाधारणले ल्याउन सक्ने जटिलताबारे जनचेतना जगाउन विद्यालय मार्फत सचेतनाको लागि विशेष शैक्षिक कार्यक्रम संचालन गर्नुपर्ने ।
- नसर्ने रोगको रोकथामका लागि जनसमुदायमा योग, आयुर्वेद, खानपान, जीवनशैली, तनाव व्यवस्थापन जस्ता विषयमा सचेतनाका कार्यक्रम तथा मनोसामाजिक परामर्श सेवा संचालन गर्नुपर्ने ।
- साँघुटार स्वास्थ्य चौकीलाई नगर अस्पतालको रुपमा स्तरोन्नती गरिएको हुँदा आवश्यक संरचना र जनशक्ति व्यवस्थापन गरी संचालन गर्नुपर्ने ।
- सुकाजोर स्वास्थ्य चौक, गाउँघर क्लिनिक र खोप क्लिनिकको लागि भवन निर्माण गरी संचालन गर्नुपर्ने ।

## ग. शिक्षा तर्फ

- नगरपालिकाको परीक्षा प्रणालीमा सुधार गरी निरन्तर तथा आवधिक मूल्याङ्कन विधिलाई संस्थागत गर्दै प्रत्येक विद्यार्थीको सिकाई उपलब्धीको अभिलेख राख्नुपर्ने ।
- विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्न विद्यालय सुधार योजनालाई व्यवहारिक, बास्तविक र प्रभावकारी बनाई कार्यान्वयन गर्नुपर्ने ।
- शिक्षकको सिकाई क्षमता बृद्धि गर्न शिक्षण विधि सम्बन्धी तालिम तथा पूनर्ताजगी तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था गर्नुपर्ने ।
- प्रत्येक विद्यालयमा अत्यावश्यक शैक्षिक सामग्री र उपकरणको व्यवस्था मिलाउनु पर्ने ।
- विद्यालयमा आवश्यकता अनुसार शौचालय, घेरवारा, बालमैत्री एवं अपाङ्गमैत्री पूर्बाधार, पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माण गर्नुपर्ने ।
- प्रत्येक सामुदायिक सहित संस्थागत विद्यालयमा पनि निःशुल्क स्यानेटरी प्याडको व्यवस्थापन गर्नुपर्ने ।
- नगरपालिकको हाम्रो रामेछाप नगरपालिका नामक स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यक्रममा आधारित शिक्षक सहयोग अध्ययन सामाग्री रहेको हुँदा अझै प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- विद्यालयमा विद्युतीय शिक्षा, ई-पुस्तकालय, खेलमैदान, सरसफाई एवं वातावरणीय शिक्षा, शारीरिक शिक्षा, प्रयोगशाला जस्ता आधारभूत सुविधा उपलब्ध गराउनु पर्ने ।
- विद्यार्थीको प्रतिभा पहिचान तथा प्रस्फुटन गर्न थप सिकाईको अवसर प्रदान गर्न अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिनुपर्ने ।
- विद्यालयदेखि नै प्राविधिक शिक्षा र व्यवसायिक तालिममा प्रोत्साहन गर्नुपर्ने ।
- नगरपालिकामा बहुप्राविधिक विद्यालय स्थापना गरी संचालन गर्नुपर्ने ।
- विद्यालयमा कम्प्युटर, इन्टरनेट, डिजिटल प्रविधिका उपकरणहरु लगायत आधुनिक प्रविधिका शिक्षण सिकाईमैत्री उपकरणहरु जडान तथा उपयोग गर्नुपर्ने ।
- केही विद्यालयमा रहेपनि सबै माध्यमिक विद्यालयमा समेत इ-हाजिरी अनिवार्य व्यवस्थापन गर्नुपर्ने ।
- भर्ना हुन नसकेका र शिक्षाको पहुँच नपुगेका बालबालिकालाई विद्यालय भर्ना गरी नगरपालिकालाई सतप्रतिशत विद्यालय भर्नाको सूचीमा राख्नका लागि विशेष कार्यक्रम तय गर्नुपर्ने ।
- शाखामा दरबन्दी अनुसारको जनशक्तिको व्यवस्थापन गर्नुपर्ने ।

## घ. खानेपानी तथा सरसफाई

- ✓ नगरबासीलाई एक घर एक धारोको अभियान अन्तर्गत सबै नागरिकलाई खानेपानीमा सहज व्यवस्थापनको लागि कार्यक्रम संचालन गर्नुपर्ने ।

- ✓ खानेपानी समस्या समाधानका लागि सुख्खाग्रस्त क्षेत्रमा खानेपानी ट्याङ्की वितरण, लिफ्ट र खानेपानी योजना संचालन गरी स्वच्छ खानेपानीको व्यवस्थाको कार्यक्रमहरु बनाउनुपर्ने ।
- ✓ नगरपालिकाको खानेपानी तथा सरसफाइ गुरु योजना बनाई कार्यान्वयन गर्नुपर्ने ।
- ✓ खानेपानीका निर्माणाधिन योजनाहरु पूरा गर्न प्राथमिकताका साथ बजेट र कार्यक्रममा समावेश गराउनुपर्ने ।
- ✓ स्थानीयस्तरमा नै खानेपानीको गुणस्तर परीक्षण गर्ने जनशक्ति तथा प्रयोगशालाको व्यबस्थापन गर्नुपर्ने ।
- ✓ नगरपालिकाको बजारकेन्द्र तथा सार्वजनिक स्थलमा समेत अनिवार्य सार्वजनिक र निः शुल्क शौचालयको व्यवस्था गरी प्रभावकारी प्रयोगमा जोड दिनुपर्ने ।
- ✓ नगरपालिका भित्रका हरेक घरधुरीमा शौचालय सहितको सरसफाईको व्यवस्था गर्नुपर्ने ।
- ✓ खानेपानीको सदुपयोग तथा सरसफाई सम्बन्धी जनचेतना जगाउन टोल विकास संस्था, आमा समूह, सहकारी संस्था, यूवा क्लब तथा अन्य सरोकार समूह आदिलाई परिचालन गर्नुपर्ने ।
- ✓ नगरपालिकाले जैविक फोहोरलाई घरमा मै व्यबस्थित गर्ने प्रणालीको लागि विषेश कार्यक्रमहरु सहितको नीति ल्याउनुपर्ने ।
- ✓ बजार क्षेत्रको फोहोरलाई व्यवस्थापनको लागि फोहोरमैला व्यवस्थापन केन्द्र (लैण्डफिल साइट) को दीर्घकालीन व्यवस्थापन गर्नुपर्ने ।
- ✓ आकासे पानी संकलन तथा प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने ।

## ङ. बालबालिका, महिला र समावेशी क्षेत्र

- बालमैत्री स्थानीय तह घोषणा भएको हुँदा दीगोपनाको लागि कार्ययोजना बनाई प्रभावकारी रुपमा काम गर्नुपर्ने ।
- नगरपालिकामा लैससास रणनीति रहेको हुँदा सोही अनुसार संघ संस्थालाई कार्यान्वयनको लागि समन्वय गर्नुपर्ने ।
- नगरपालिकाको हरेक क्षेत्रमा समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकारात्मक विभेदको नीति तथा कार्यक्रम ल्याउनुपर्ने ।
- वालविवाह अन्त्यको लागि विशेष कार्यक्रमहरु समुदाय र विद्यालयमा निरन्तर संचालन गर्नुपर्ने ।
- बाल श्रमको नियमित अनुगमन गरी अन्त्यको लागि कार्यक्रमहरु बनाई लागू गर्नुपर्ने ।
- बञ्चितीकरणमा परेका जाति, वर्ग, लिङ्ग र समुदायको महिला तथा बालबालिकाको लागि विशेष क्षमता विकासका कार्यक्रम, आय र रोजगारीमूलक कार्यक्रम, सीप विकास, नेतृत्व विकास, बित्तीय साक्षरता, सामाजिक सचेतना जस्ता कार्यक्रम संचालन गर्नुपर्ने ।
- नगरपालिकाको सार्वजनिक स्थल, बाटो, सार्वजनिक भवन, अस्पताल, शौचालय आदिलाई बालमैत्री, लैंगिकमैत्री, अपाङ्गमैत्री तथा समावेशी हुने गरी निर्माण गर्ने नीतिमा रहेको हुँदा प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने ।
- निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभीगता बढाउँदै सेवा सुविधा र अवसरमा पहुँच सुनिश्चित गराउनु पर्ने ।
- नगरपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक, साँस्कृतिक, प्रशासनिक क्षेत्रमा सहभागीता सुनिश्चित गर्न सामाजिक सुरक्षा र सकारात्मक विभेद सहितको संरक्षणको व्यवस्था मिलाउनु पर्ने ।

- मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडित र प्रभावितहरुको संरक्षण तथा पूनर्स्थापनाको लागि अल्पकालीन र दीर्घकालीन सेवा केन्द्रहरुको प्रभावकारी संचालन गर्नुपर्ने ।
- वडा तथा नगरपालिका स्तरीय महिला सञ्जाल गठन गरी सचेतनाका कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका बिभेद, दुर्व्यवहार, शोषण, बालश्रम, बलात्कार, बेचबिखन, ओसारपसार जस्ता अपराध बिरुद्ध सचेतना कार्यक्रम संचालन गर्नुपर्ने ।
- बालबालिकाको लागि विद्यालय र वडास्तरमा आवश्यक बजेट विनियोजन गरी पार्क निर्माण, खेलकुद सामाग्री वितरण जस्ता कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- नगरपालिकाको ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल र अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्ने ।
- कानुन अनुसार ज्येष्ठ नागरिक र पूर्ण अपाङ्गता भएका ब्यक्तिलाई सामाजिक सुरक्षा भत्ता वडा कार्यालयको समन्वयमा सामाजिक सुरक्षा ऐन अनुसारमा घरमा नै उपलब्ध गराउनु पर्ने ।

## च. स्वरोजगार

- उद्यम विकासको कार्यक्रमलाई नगरपालिकाभर लागू गर्नुपर्ने ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै रोजगारीको दायरा बृद्धि गर्नुपर्ने ।
- कृषि, पशुपालन, उद्यमशीलता, ब्यवसायिकता तथा रोजगार अभिबृद्धि हुने किसिमका कार्यक्रममा लगानी बढाउनु पर्ने ।
- नीजी क्षेत्र, गैसस र विकास साझेदारहरुसँग समन्वय गरी रोजगारीका अवसरहरु बृद्धि गर्नुपर्ने ।
- उद्यम व्यवसायका लागि सहुलीयतपूर्ण कर्जा उपलब्ध गराउन नीतिमा नै समावेश भएको हुँदा बित्तीय सस्थाहरुसँग प्रभावकारी सहजीकरण गरी उद्यमशीलतालाई जोड दिनुपर्ने ।
- श्रममूलक प्रविधिको प्रयोग गरी स्थानीय विकास कार्यमा स्थानीय नागरिकहरुको अधिकतम् परिचालन गर्नुपर्ने ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाले विदेशमा सिकेको सीप र उद्यमशीलताको गर्न विशेष अनुदानका ब्यवस्था गर्नुपर्ने ।
- नगरपालिकाको परम्परागत सीपको आधुनिकीकरण गरी रैथाने सीप र पेशाको व्यवसायीकरणमा जोड दिनुपर्ने ।

## छ. कृषि, पशुपालन तथा सिंचाईं

- ✓ जुनारलाई पहिचानको रुपमा विकास गरेपनि मूल्य निर्धारण, ब्राण्डिङ, लेभलिङ जस्ता कार्य गर्नुपर्ने ।
- ✓ कृषि र पशु बीमा कार्यक्रमलाई प्राथमिकताको साथ लागू गर्नुपर्ने ।
- ✓ नगरपालिकाले कृषि बिऊपुँजी कोषको स्थापना गरी कार्यान्वयन गर्नुपर्ने ।
- ✓ कृषि एम्बुलेन्सलाई कृषि उपजलाई बजारीकरणको लागि प्रभावकारी बनाउनु पर्ने ।
- ✓ वडा-वडामा कृषि उपज संकलन केन्द्र स्थापना गर्नुपर्ने ।
- ✓ रैथाने बालीको संरक्षणको कार्यलाई निरन्तरता दिनुपर्ने ।
- ✓ कृषिका कार्यक्रमहरु अनुदानसँगै मागमा आधारित भई तर्जुमा गर्नुपर्ने ।
- ✓ आधुनिक कृषि उपकरणको प्रयोगलाई अनुदानका रुपमा कृषकसम्म पुग्ने गरी योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
- ✓ मेला महोत्सबमा कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई ब्राण्डको रुपमा राख्न नगरपालिकाले प्रोत्साहन गर्नुपर्ने ।
- ✓ कृषकलाई सम्मान तथा प्रोत्साहन गर्दै सिँचाई सुविधाको वैकल्पिक व्यवस्था मिलाउनुपर्ने ।

- ✓ रोग किरा नियन्त्रणका लागि कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- ✓ कृषि र पशुपालनको लागि पकेट क्षेत्रहरु मार्फत आयआर्जन बढाउने कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने ।
- ✓ पशु व्यवसायलाई प्रबर्द्धन गर्न आवश्यकता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने ।
- ✓ पशु नश्ल सुधारको कार्यक्रमलाई थप प्रभावकारी र कृषकको सहज पहुँचमा बनाउनु पर्ने ।
- ✓ पशुपंक्षी आहारा र उन्नत घाँस उत्पादनलाई प्रोत्साहित गर्ने कार्य गर्नुपर्ने ।
- ✓ स्थानीयस्तरमा पशु बधशाला स्थापना गर्न अनुदानको व्यवस्था गर्नुपर्ने ।
- ✓ समुदायका नागरिकलाई पायक पर्ने स्थानमा बजारीकरणको व्यस्थापन गर्नुपर्ने ।

**सामाजिक परीक्षकको नाम** : उमङ्ग मैनाली/पूर्ण बहादुर कार्की

**संस्थाको नाम (यदि संस्था भएमा)** : हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि. भक्तपुर

**समाप्त**

# अनुसूची-१
## सार्वजनिक जवाफदेहिता प्रर्बद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-५ अनुसारको विवरण

### १. नगरपालिकाको परिचय

राजनैतिक विभाजन अनुसार बागमती प्रदेशको मध्य पहाडमा पर्ने रामेछाप जिल्ला दक्षिण पूर्वमा अबस्थितछ । नगरपालिकाको पूर्व तर्फ ओखलढुंगा जिल्ला दक्षिण तर्फ सिन्धुली जिल्ला पर्दछ भने उत्तर तर्फ लिखु गाउँपालिका र पश्चिम तर्फ मन्थली नगरपालिका रहेकोछ । रामेछाप जिल्लामा रहेका दुई नगरपालिका मध्ये रामेछाप नगरपालिका पनि एक हो । साविकका रामेछाप, सुकाजोर र ओखेनी गाविसहरुलाई मिलाएर रामेछाप नगरपालिकाको रुपमा नेपाल सरकारद्वारा वि.स.२०७२ मंसिर १६ गते घोषणा गरेको थियो । पूनः रामेछाप नगरपालिकामा साविकका गोठगाँऊ, देउराली, साँघुटार, हिमगंगा र रामपुर गाविसहरुलाई थप गरी २०७३/११/२२ पूनर्गठन गरेको देखिन्छ । रामेछाप जिल्लाको १२.९१% भू-भाग नगरपालिकाले ओगटेकोछ ।




नौ वटा वडाहरु रहेको यस नगरपालिकाको कूल क्षेत्रफल २०२.४५ बर्ग किलोमिटर रहेकोछ । ६ हजार ६ सय ६३ परिवार संख्या रहेको नगरपालिकाको कूल जनसंख्या २४ हजार ९ सय ७१ जना रहेको देखिन्छ । नगरपालिकाको केन्द्र नगरपालिकाको वडा नं ८ रामेछाप बजारमा रहेकोछ । रामेछाप नगरपालिकाम लोपोन्मुख हायु जातिको बसोवास रहेकोछ भने नगरपालिकाको वडा नं ५ रामपुरमा जनजातिको मात्र बसोवास रहँदै आएकोछ । नगरपालिकाको सबैभन्दा होचो स्थान कोलोन्जोर घाट समुन्द्री सतहबाट ३ सय ६८ मिटरमा रहेकोछ भने अग्लो स्थान समुन्द्री सतहबाट २ हजार ९४ मिटरको उचाईमा रहेको गोगने खरानेको शिरान पर्दछ ।

### २. स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू

**क. दुरदृष्टि** : समुन्नत र समृद्ध रामेछाप नगर

**ख. ध्येय (दीर्घकालीन लक्ष्य)**

शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन र पूर्बाधार, समुन्नत र समृद्ध रामेछाप नगर निर्माणको आधार ।

## ग. नगरपालिकाले तय गरेका बार्षिक नीति, कार्यक्रम तथा बजेटको प्राथमिकीकरण क्षेत्र

- सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउन सामाजिक सचेतिकरण र सीप क्षमता विकास गरी आम नागरिकलाई असल र सक्षम बनाई विकासको मुल धारमा ल्याउन रामेछाप नगरपालिकाले महिला बालबालिका सहितको लक्षित वर्ग, शिक्षा र स्वास्थ्य क्षेत्रलाई समेटी सामाजिक विकासलाई पहिलो प्राथमिकता दिने ।
- आम नागरिकको आर्थिक समृद्धि विना नगर समृद्धि असम्भव हुने भएकोले व्यवसायिक उत्पादन र रोजगारीलाई प्रमुख आधार मानी आवश्यकता, औचित्यता र उपयुक्तताका आधारमा कृषि, पशुपन्छी, उद्योग व्यवसाय, सहकारी र राजश्व क्षेत्रका कार्यक्रम संचालन, अनुदान वितरण, राजस्व संकलन र व्यवस्थापन गर्ने ।
- आम नगरबासीको दैनिक जीवनलाई सरल र सहज बनाउदै नतीजामुलक र दीगो विकास लक्ष्य हासिल गर्न, नगर क्षेत्र भित्रका मुख्य सडकहरु, पुलपुलेसा, भवन संरचना तथा शहरी विकास, बैकल्पिक उर्जा र सञ्चार क्षेत्रलाई स्रोत साधनको उपलब्धता र स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा विनियोजन कुशलता र स्रोत साधन परिचालनमा दक्षता अभिवृद्धि गर्दै नगरको समग्र पूर्वाधार विकासलाई अघि बढाउने ।
- नगरपालिकाको अधुरा र क्रमागत पूर्वाधार विकास आयोजना र कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।
- रामेछाप नगर क्षेत्रमा वन, वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा आगलागी, बाढी-पहिरो, भुकम्प, विभिन्न महामारी जस्ता प्रकोप र विपदबाट आम नगरबासीहरुलाई सुरक्षा र संरक्षण प्रदान गर्ने ।
- रामेछाप नगरपालिका र मातहतका शाखा, वडा कार्यालय, स्वास्थ्य चौकी लगायतबाट चुस्त, दुरुस्त र सेवाग्राहीमैत्री एवं प्रविधिमैत्री सेवा प्रवाह गर्ने प्रवन्ध मिलाई संघीय लोकतान्त्रिक गणतन्त्र र विधिको शासनलाई संस्थागत गर्दै आम नगरबासीहरुमा सुशासनको प्रत्याभुति दिने ।
- बालमैत्री स्थानीय शासनलाई निरन्तरता दिँदै वडा तथा नगरस्तरिय आवधिक लगानीय योजना अनुसार वजेट व्यवस्थापन गरी रामेछाप नगरपालिकालाई २०८२ असार मसान्तभित्र बालमैत्री शासन युक्त नगर घोषणा गर्ने ।
- रामेछाप नगरपालिकालाई दुग्ध तथा दुग्ध पदार्थमा आत्मनिर्भरताका लागि व्यवसायिक भैसी प्रवर्द्धन कार्यक्रम मार्फत "दही मही खाऔं, कोल्ड ड्रिङ्स भगाऔं" अभियान सञ्चालन गर्ने ।
- रामेछाप नगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको हिलेपानी चामबोट च्यास्कु कोलञ्जोरघाट सडक स्तरोन्नतिको लागि संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट कुनै सहयोग प्राप्त नभएता पनि क्रमागत आयोजनाको रुपमा उक्त सडक स्तरोन्नतिको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने ।

## घ. बार्षिक नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनपछि प्राप्त हुने अपेक्षित प्रतिफलहरु

- विकास निर्माणको कार्यक्रमहरु संचालनमा जनसहभागीता, अपनत्व र पारदर्शीता अभिबृद्धि हुने ।
- स्थानीय स्तरमा नै आधारभूत सरकारी सेवाहरु उपलब्ध हुने ।
- नतिजामूलक र दीगो विकासको लक्ष्य प्राप्ति हुने ।
- संकटको अवस्थामा नगरबासीहरुलाई अभिभावकको भूमिका प्रदान हुने ।

## ३. गत बर्षको मुख्य उपलब्धीहरु

रामेछाप नगरपालिकाबाट आर्थिक बर्ष २०८१/०८२ कार्यान्वयन भएका योजनाहरुको विवरण निम्नानुसार रहेका छन् :

| क्र.सं | योजनाको नाम | कार्यान्वयनको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | भएको | नभएको | आँशिक भएको | |
| १. | कालीकुवा च्यामबोट च्यास्कु सडक स्तरोन्नती वडा नं ७ | भएको | | | नगरस्तरीय |
| २. | टावरडाँडा सडक स्तरोन्नती वडा नं ७ | भएको | | | नगरस्तरीय |
| ३. | सुकाजोर कभर्डहल तथा मैदान स्तरोन्नती वडा नं ७ | भएको | | | नगरस्तरीय |
| ४. | रामपुर वडा कार्यालय भवन जाने सडक ढलान वडा नं ५ | भएको | | | नगरस्तरीय |
| ५. | धरापानी डुम्रिखर्क सडक स्तरोन्नती वडा नं ८ | भएको | | | नगरस्तरीय |
| ६. | मनेडाँडामा बुद्ध मुर्ति निर्माण वडा नं ८ | भएको | | | नगरस्तरीय |
| ७. | कृष्ण मन्दिर निर्माण भँगेरी वडा नं ८ | भएको | | | नगरस्तरीय |
| ८. | काभ्रे रामपुर रिठाबोट वसन्तपुर चुकिया सडक वडा न. ५(क्रमागत) | भएको | | | नगरस्तरीय |
| ९. | लाम्साङडाँडा बुद्ध मुर्ति स्थापना तथा बुद्ध पार्क निर्माण वडा नं ६ | भएको | | | नगरस्तरीय |
| १०. | हस्पिटलचोक मुडाचोर धनेघाट सडक स्तरोन्नती वडा नं ७ | भएको | | | नगरस्तरीय |
| ११. | पशुपतीनाथ मन्दिर निर्माण वडा नं ८ | भएको | | | नगरस्तरीय |
| १२ | बिटारपार्क व्यवस्थापन वडा नं ८ | भएको | | | नगरस्तरीय |
| १३. | साँघुटार हाट बजार ब्यवस्थापन वडा नं ३ | भएको | | | नगरस्तरीय |
| १४. | विद्यालय घेरावार निर्माण वडा नं. ७, महाकाली आधारभूत विद्यालय | भएको | | | नगरस्तरीय |
| १५. | विद्यालय घेरावार निर्माण वडा नं. ४, जनता आधारभूत विद्यालय | भएको | | | नगरस्तरीय |
| १६. | विद्यालय घेरावार निर्माण वडा नं. ७, पटनादेवी आधारभूत विद्यालय | भएको | | | नगरस्तरीय |
| १७. | विद्यालय घेरावार निर्माण वडा नं. ९, भिमेश्वर आधारभूत विद्यालय | भएको | | | नगरस्तरीय |
| १८. | विद्यालय घेरावार निर्माण सिद्धेश्वर आधारभूत विद्यालय वडा नं १ | भएको | | | नगरस्तरीय |
| १९. | खानेपानी धारा निर्माण वडा नं ७, भालुखोप वजार | भएको | | | नगरस्तरीय |
| २०. | खानेपानीधारा निर्माण वडा नं. ८, हाटबजार स्थाल | भएको | | | नगरस्तरीय |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | शौचालय निर्माण वडा नं ८, मानेडाँडा | भएको | | | नगरस्तरीय |
| २२. | शौचालय निर्माण वडा नं ५, रामपुर | भएको | | | नगरस्तरीय |
| २३. | शौचालय निर्माण वडा नं ३ ,साँघुटार | भएको | | | नगरस्तरीय |
| २४. | शौचालय निर्माण वडा नं ६, च्याकुवजार | भएको | | | नगरस्तरीय |
| २५. | ताराखसे सार्वजनिक शौचालय निर्माण वडा नं ७ सुकाजोर | भएको | | | नगरस्तरीय |
| २६. | पर्यावरण मैत्री वाल एवं जेष्ट नागरिक हरित पार्क निर्माण वडा नं ८ | भएको | | | नगरस्तरीय |
| २७. | पहिरो व्यवस्थापन, रेणुकादेवी मा.वि. वडा नं ४ | भएको | | | नगरस्तरीय |
| २८. | पहिरो व्यवस्थापन चण्डेश्वरी मा.बि. वडा नं १ | भएको | | | नगरस्तरीय |
| २९. | गरिडाँडा चौतारा निर्माण वडा नं १ | भएको | | | नगरस्तरीय |
| ३०. | सिक्दै कमाउँदै, कमाउदै सिक्दै कार्यक्रम वडा नं ६ | भएको | | | नगरस्तरीय |
| ३१. | आहालडाँडा आहाल निर्माण वडा नं ३ | भएको | | | नगरस्तरीय |
| ३२. | हिलेपानी बिश्रामस्थल निर्माण रामेछाप वडा नं ७ | भएको | | | संघीय शसर्त अनुदान |
| ३३. | रामेछाप जिल्ला रामेछाप न.पा.८ फुश्रेमाटा आहाले सडक थुम्की सडक स्तरोन्नती वडा नं ८ | भएको | | | संघीय शसर्त अनुदान |
| ३४.. | लाम्सोती, फलाँटेबेशी झो.पु.भ्यासुरे खोला, साँघुटार वडा नं ५ | भएको | | | संघीय शसर्त अनुदान |
| ३५. | भिमेश्वर आ.बि. बाट भिमसेन स्थान मन्दिर सडक स्तारेन्नती वडा नं ९ | भएको | | | संघीय शसर्त अनुदान |
| ३६. | रामेछाप टावरडाँडा सडक स्तरोन्ती वडा नं ७ | भएको | | | संघीय शसर्त अनुदान |
| ३७. | फलाँटे खोला देउराली हुलाकचौर लिफ्ट खा.पा.वडा नं २ | भएको | | | संघीय विशेष अनुदान |
| ३८. | देउराली गोठगाँउ साँघुटार सडक वडा नं १ | भएको | | | संघीय समपुरक अनुदान |
| ३९. | मानेडाँडा पखेरा तिलेचउ सडक रामेछाप वडा नं ९ | भएको | | | प्रदेश शसर्त अनुदान |
| ४०. | कालिकुवा चाम्बोट च्यास्कु सडक स्तरोन्नती वडा नं ९ | भएको | | | प्रदेश शसर्त अनुदान |
| ४१. | साघुटार थाक्लेवेशी लिफ्ट खानेपानी वडा नं ३ | भएको | | | प्रदेश शसर्त अनुदान |
| ४२. | बृहत गोठगाँउ खानेपानी आयोजना वडा नं १ | भएको | | | प्रदेश विशेष अनुदान |
| ४३. | साउने बोलङ बोलङ बरवोट सडक | भएको | | | प्रदेश समपुरक |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्तरोन्नती (क्रमागत) वडा नं ४ | | | | अनुदान |
| ४४. | मानेडाँडा सिमन्टी राताटार हर्दिनी मरिनघाट सडक स्तरोन्नती (क्रमागत) वडा नं ९ | भएको | | | प्रदेश समपुरक अनुदान |
| ४५. | मनेडाँडा एफ एम रिङरोड सडक वडा नं ८ | भएको | | | सडक बोर्ड साझेदारी |
| ४६. | लक्ष्मीवास बाँकीमेरी सुवेदीगाँउ चण्डेश्वरी मा.बि.सडक वडा नं ३ | भएको | | | सडक बोर्ड साझेदारी |
| ४७. | काभ्रेभञ्ज्याङ रामपुर वडा कार्यालय सडक वडा नं ५ | भएको | | | सडक बोर्ड साझेदारी |
| ४८. | गोगने खराने सडक स्तरोन्नती | भएको | | | वडा नं १ |
| ४९. | कोलचौर रमिते चौतारा ट्र्याक ओपन | भएको | | | वडा नं १ |
| ५०. | होक्से लोर्खु कोरीडोर सडक | भएको | | | वडा नं १ |
| ५१. | लर्खुखोला ढाँडबेशी सिँचाई योजना | भएको | | | वडा नं १ |
| ५२. | भारलाँगे सिँचाई कुलो निर्माण तथा ट्याङ्की मर्मत | भएको | | | वडा नं १ |
| ५३. | त्रिपुरेश्वर महादेब मन्दिर निर्माण साबिक वडा नं ५ | भएको | | | वडा नं १ |
| ५४. | रातोडाँडा, देवाली चौर लर्खु सडक स्तरोन्नती | भएको | | | वडा नं १ |
| ५५. | कार्की कुल पुजा स्थान ट्रस निर्माण, माथिल्लो गोठपानी | भएको | | | वडा नं १ |
| ५६ | लहरेनी टोल सुधार अभियान कार्यक्रम, २.१० रोकाटोल डाँडाटोल | भएको | | | वडा नं २ |
| ५७.. | गाइखुरा महादेब टोल सुधार अभियान कार्यक्रम | भएको | | | वडा नं २ |
| ५८. | कालिकादेवी भिरकोट टोल सुधार अभियान कार्यक्रम | भएको | | | वडा नं २ |
| ५९. | चाँम्बोट टोल सुधार अभियान कार्यक्रम | भएको | | | वडा नं २ |
| ६०. | धामिडाँडा मन्दिर क्षेत्र व्यवस्थापन | भएको | | | वडा नं २ |
| ६१. | कालिकादेवी देउराली टोल सुधार अभियान कार्यक्रम | भएको | | | वडा नं २ |
| ६२.. | कोलाहले चौर प्रतिक्षालय मर्मत | भएको | | | वडा नं २ |
| ६३.. | आहाले सिँचाईकुलो निर्माण | भएको | | | वडा नं ३ |
| ६४.. | हिराटापुखेत सिँचाईकुलो मर्मत | भएको | | | वडा नं ३ |
| ६५. | थाक्लेबेशि लिफ्ट खानेपानी धारा बिस्तार (थाक्ले) | भएको | | | वडा नं ३ |
| ६६. | धारापानी मुहान गरी वाँकीमेरी खानेपानी आयोजना | भएको | | | वडा नं ३ |
| ६७. | थाक्लेबेशी खानेपानी व्यवस्थापन | भएको | | | वडा नं ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६८. | लक्ष्मिबास ट्रस निर्माण | भएको | | | वडा नं ३ |
| ६९. | थाक्ले बाहुनगाँउ मन्दिर मर्मत तथा निर्माण | भएको | | | वडा नं ३ |
| ७०. | मतानडाँडा सिँचाई पाईप खरिद तथा स्वामी चौतरा निर्माण | भएको | | | वडा नं ४ |
| ७१. | खुर्सानीडाँडा प्रतिक्षालय | भएको | | | वडा नं ४ |
| ७२. | जनता आ.बि व्यवस्थापन तथा शैक्षिक सुधार कार्यक्रम | भएको | | | वडा नं ४ |
| ७३.. | श्री कृष्ण आ.बि.भवन व्यवस्थापन तथा शैक्षिक सुधार कार्यक्रम | भएको | | | वडा नं ४ |
| ७४. | जनसक्रिय आ.वि. व्यवस्थापन तथा शैक्षिक सुधार | भएको | | | वडा नं ४ |
| ७५. | कुम्भेश्वरी महादेव मन्दिर निर्माण | भएको | | | वडा नं ४ |
| ७६. | पंखरपचले लिफ्ट खानेपानी | भएको | | | वडा नं ४ |
| ७७. | सिमलभञ्ज्याङ्ग सामुदायिक भवन निर्माण | भएको | | | वडा नं ५ |
| ७८. | बासबोट सामुदायिक भवन निर्माण | भएको | | | वडा नं ५ |
| ७९. | कोलञ्जोर पदमार्ग निर्माण | भएको | | | वडा नं ५ |
| ८०. | रामपुर टावरडाँडा सडक निर्माण | भएको | | | वडा नं ५ |
| ८१. | ज्यामिरबोट बाल तथा सिढी निर्माण | भएको | | | वडा नं ५ |
| ८२. | तामाङ्ग समाज पार्क रामपुर | भएको | | | वडा नं ५ |
| ८३. | वडाभरीका सडक मर्मत | भएको | | | वडा नं ५ |
| ८४. | लामाटोल सडक ट्र्याक ओपन ओखनी | भएको | | | वडा नं ६ |
| ८५. | सामुदायिक भवन निर्माण बिसौली | भएको | | | वडा नं ६ |
| ८६. | खानीडाँडा सडक ट्र्याक ओपन | भएको | | | वडा नं ६ |
| ८७. | शौचालय निर्माण पुरानागाँउ | भएको | | | वडा नं ६ |
| ८८. | धमिनिछाप सिढि निर्माण | भएको | | | वडा नं ६ |
| ८९. | पाखाटोल शौचालय निर्माण, गाँउघर क्लिनिक भवन प्लाष्टर र सडक | भएको | | | वडा नं ६ |
| ९०. | पाखाटोल बुद्धमुर्ति कम्पाउण्ड घेरावार र वाल निर्माण | भएको | | | वडा नं ६ |
| ९१. | हल्काराचौर प्रतिक्षालय निर्माण | भएको | | | वडा नं ६ |
| ९२. | चाँम्बोट साँधीखोला सडक स्तरोन्नती | भएको | | | वडा नं ७ |
| ९३. | सडक, सार्वजनीक भवन, धारा, मठमन्दिर, प्रतिक्षालय निर्माण | भएको | | | वडा नं ७ |
| ९४. | काफ्लेपानी सडक निर्माण | भएको | | | वडा नं ७ |
| ९५. | गरा सुधार कार्यक्रम विर्ता धनेघाट | भएको | | | वडा नं ७ |
| ९६.. | पशुपतीनाथ मन्दिर निर्माण, मा.बि.भँगेरी शैक्षिक सुधार कार्यक्रम | भएको | | | वडा नं ८ |
| ९७. | शहिद स्मृति पार्क व्यवस्थापन | भएको | | | वडा नं ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९८. | ट्रस भवन निर्माण | भएको | | | वडा नं ९ |
| ९९. | करेसावारी सिँचाई ट्याङ्की निर्माण | भएको | | | वडा नं ९ |
| १००. | चिचिखोप खानेपानी ट्याङ्की निर्माण | भएको | | | वडा नं ९ |
| १०१. | गोल्माटार सेतीदेवी मन्दिर संरक्षण तथा व्यवस्थापन | भएको | | | वडा नं ९ |
| १०२. | ओखरबोट पदमार्ग निर्माण | भएको | | | वडा नं ९ |
| १०३. | सिमन्ती पद मार्ग निर्माण | भएको | | | वडा नं ९ |
| १०४ | धारापानी सामुदायिक खानेपानी तथा सरसफाई योजना मर्मत | भएको | | | वडा नं ९ |

## ४. यस वर्षको मुख्य मुख्य उपलब्धीहरु (सूचकको आधारमा बुँदागत रूपमा लेख्ने):

- रामेछाप नगरपालिकाका सत् प्रतिशत नागरिकहरु स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँचमा रहेको साथै ७ वटा स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र ७ वटा, २२ वटा खोप क्लिनिक तथा ३३ वटा गाउँघर क्लिनिक र १०८ जना स्वास्थ्य स्वयंसेविकाले स्वास्थ्य सेवा प्रदान गरेको ।
- पाँच बर्षमुनिका १०३४ जना बालबालिकालाई स्वास्थ्य सेवा प्रदान गरिएको ।
- २२० जना एकवर्ष मुनिका बालबालिकाले स्वास्थ्य संस्थाबाट खोप सम्बन्धी सेवा लिएका ।
- नगरपालिकाभित्र १८५ जना गर्भवति महिलाहरुले स्वास्थ्य संस्थामा नै गई नियमित ४ पटक गर्भवति जाँच गरिएको सो वापत् नगरपालिकाले ८ सय रुपैँया उपलब्ध गराएको ।
- नगरपालिकाका विभिन्न ६ वटा स्वास्थ्य संस्था (बर्थिङ सेन्टर) र रामेछाप प्रादेशिक अस्पतालमा गई दक्ष प्रसुतिकर्मीबाट १८५ जना गर्भवति महिलाले प्रसुति गराएको ।
- झाडा पखालाबाट मृत्य हुने बालबालिकाको संख्या शून्य रहेको ।
- ४७,६४२ जनाले नगरपालिकाको १६ वटा स्वास्थ्य संस्थाबाट सेवा लिएको साथै विभिन्न समयमा विशेषज्ञ सहितको शिविरहरु संचालन गरी नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको ।
- एच्आइभी र एड्सबाट सङ्क्रमितको संख्या शून्य रहेको ।
- सत् प्रतिशत बालबालिका आधा घण्टाभित्र प्राथमिक विद्यालय पुग्ने गरेको साथै नगरपालिकामा प्रारम्भीक बालविकास केन्द्र ५८ वटा, आधारभूत विद्यालय (कक्षा १-८) ३८ वटा, माध्यमिक विद्यालय १३ वटा र क्याम्पस २ वटा रहेको ।
- नगरपालिकाको पूर्व प्राथमिक शिक्षामा खुद भर्ना ५८४ जना रहेको ।
- नगरपालिकामा १६३ जना छात्र तथा १६६ जना छात्रा गरी जम्मा ३२९ जना कक्षा १ मा खुद भर्ना भएको ।
- नगरपालिकामा कक्षा उत्तीर्ण हुने दर ९२.३३ प्रतिशत, कक्षा दोहोऱ्याउने ७.६७ प्रतिशत र कक्षा छोड्ने बालबालिकाको संख्या न्युन रहेको ।
- सामुदायिक विद्यालयको प्राथमिक तहमा रहेका सबै १७१ जना शिक्षक तालिम प्राप्त रहेको ।
- नगरपालिकामा ४२६ कोठा रहेकोमा ४०१८ जना विद्यार्थीहरु रहेकोमा २९३ कक्षाकोठा मात्र पठनपाठनको लागि प्रयोग गरिएको ।
- बाह्य सहयोगमा निर्मित विद्यालय कोठा र स्थानीय निकायबाट निर्मित विद्यालय कोठा नभएको ।
- प्रारम्भीक तहदेखि माध्यमिक तहसम्म ४३६ जना दलित बालबालिका अध्ययन गरेको साथै उनीहरुको नियमितताको लागि छात्रबृत्ति वितरण गरिएको ।
- निरन्तर रुपमा खानेपानी व्यवस्थापनको लागि बजेट नै विनियोजन गरि काम भईरहेको ।

- नगरपालिकासँग स्वच्छ पानी पुगेको परिवार संख्याको विवरण नभएपनि नागरिकहरुले स्वच्छ पानी प्रयोग गरेको ।
- नगरपालिकाभित्र १४ स्थान तथा वडा र विद्यालयमा जस्तो सार्वजनिक स्थलमा खानेपानीको धाराको प्रबन्ध गरिएको ।
- करिब ९५ प्रतिशत भन्दा बढी नागरिकले शौचालय प्रयोग गर्ने गरेको साथै नगरपालिकाको १० स्थानमा सार्वजनिक शौचालय संचालनमा रहेको ।
- नगरपालिकामा सुधारिएको चुलो अन्तर्गतको कार्यक्रम नभएपनि नागरिकहरुले बजार क्षेत्रमा बिजुली चुलो र अधिकाँश स्थानमा ग्याँस चुलोको प्रयोग गर्ने गरेको ।
- नगरपालिकाको समुदायस्तर सम्म सचेतना तथा शसक्तिकरणको कार्यक्रम संचालन र बालअधिकार समितिको क्रियाशीलता बृद्धि भएको हुँदा बाल बिवाहको उजुरीहरु नआएको ।
- नगरपालिकामा सामाजिक विकृति, बिसङ्गती तथा छुवाछुत सम्बन्धी कुनै उजुरीहरु नआएको ।
- रामेछाप नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह भएको कारण पनि निकृष्ट किसिमका बालश्रम नरहेको साथै बालश्रमको नियमित अनुगमन गरी सरोकारवालालाई सुसुचित गराउने गरिएको ।
- समुदायस्तरका ८३ वटा, विद्यालयस्तरका बाल क्लब समूह ३० वटा गठन भई परिचालन भएको साथै नगर सबै वडाहरुमा समेत बाल संजाल गठन गरी परिचालन गरिएको ।
- नगरपालिकामा महिला हिँसा सम्बन्धी घटनाहरुको उजुरी नआएको ।
- रामेछाप नगरपालिकाबाट ४ हजार ७ सय ९५ जना ब्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको ।
- नगरपालिकामा ४ सय ५६ जना जना बेरोजार सुचीकृत भएकोमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ११२ जनाले रोजगारी पाएको ।
- स्थानीय श्रोत साधानको प्रयोग गरी मेड्पा मोडलमा नयाँ उद्यमी सिर्जना कार्यक्रमबाट ४२ जना तथा पुराना लघु उद्यमीहरुको स्तरोन्नती कार्यक्रमबाट २५ जना र गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट नयाँ उद्यमी सिर्जना ३० जना तथा स्तरोन्नतीबाट २० जना उद्यमीहरुलाई तालिम प्रदान गरी ७५ प्रतिशत उद्यमीहरु स्वरोगार भएको ।
- नगरपालिकामा ब्यवसायिक उत्पादन र आयआर्जनको लागि अनुदान समेत वितरण भएको ।
- वडा नं १, २ र ५ मा गृहणी महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत महिला समूह गठन, दर्ता र परिचालन गरेको ।
- वडा नं ८ को भोर्लेमा लैण्डफिल साइटमा फोहोर ब्यवस्थापनलाई निरन्तरता दिएको ।
- नगरपालिकाको विभिन्न स्थानहरुमा बृक्षरोपण समेत गरेको साथै सार्वजनिक स्थल तथा बजार केन्द्रमा कुहिने र नकुहिने फोहोर राख्ने डस्बिनको समेत ब्यवस्थापन गरी फोहोर संकलनलाई प्रभावकारी बनाउने प्रयत्न गरेको ।
- बिर्ताबाट २ घण्टाभन्दा बढी समयमा बजार केन्द्रमा नागरिकहरु आइ पुग्ने गरेको ।
- स्थानीय उत्पादनहरु बजारमा लगेर बिक्रि वितरण गर्नुको साथै आवश्यक सामाग्रीहरु खरिद गरेर ल्याउने गरेको ।
- हिमगंगा र साँघुटारका समुदायबाट सेवाकेन्द्र आउन बढीमा २ घण्टा लाग्ने गरेको भएपनि अन्य स्थानलाई सहजता नै रहेको ।
- कृषि सामाग्री, तरकारी प्लाष्टिक टनेल, विभिन्न प्रकारका बीउ बिजन बितरण गरिएको ।
- पशु उपचारात्मक सेवा, रोकथाम तथा अत्यावश्यक औषधिहरुको वितरण गरिएको ।

- भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत बर्गको लागि कृषि, पशुपालनमा प्राथमिकता कार्यक्रमहरु रहेको ।
- समुदायमा नै अपाङ्गता परिचय पत्र वितरण गरिएको ।
- रामेछाप नगरपालिकामा १९९ जना कर्मचारीको स्वीकृत दरबन्दी भएपनि हाल १६० जना कर्मचारी कार्यरत रहेको ।
- समग्रमा नगरपालिकाले ८३.०७ प्रतिशत प्रगती हासिल गरेको ।
- नगरपालिकाको आफ्नै प्रशासनिक भवन रहेको तथा सबै वडा कार्यालयको आफ्नै पक्की भबन रहेकोमा सोही स्थानबाट सेवा प्रवाह गरि रहेको साथै फर्निचर तथा उपकरणको व्यवस्थापन आवश्यकता अनुसार रहेको ।
- आन्तरिक समन्वय तथा सहकार्यको अवस्था सन्तोषजनक रहेको ।
- योजना संचालनमा जनसहभागिता सुनिश्चितता गरिएको ।

## ५. सामाजिक जिम्मेबारी र कार्यसम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था *(आ.व २०८०/०८१)* | प्रयास | उपलब्धि *(आ.व २०८१/०८२)* |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | सबै बस्तीहरुमा १ घण्टाभित्र स्वास्थ्य सेवा सुविधा सहज रुपमा प्रवाह गर्नको लागि ३३ वटा खोप क्लिनिक तथा २२ वटा गाउँघर क्लिनिक संचालन गरिएको देखिन्छ । | अत्यावश्यक सेवाहरु स्वास्थ्य संस्थाबाट प्रवाह । | रामेछाप नगरपालिकाको सत् प्रतिशत नागरिकहरु स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँचमा रहेको देखिन्छ । स्वास्थ्य सेवा सहजको लागि ७ वटा स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र ७ वटा, २२ वटा खोप क्लिनिक तथा ३३ वटा गाउँघर क्लिनिक संचालन गरिएको देखिन्छ । साथै समुदायमा १०८ जना स्वास्थ्य स्वयंसेविकाले सेवा प्रदान गरेको देखिन्छ । |
| ५ वर्षमुनिका बालबालिकाको प्रतिशत | पाँच बर्षमुनिका १ हजार ९ सय ८२ जना बालबालिकालाई स्वास्थ्य सेवा दिने लक्ष्य रहेकोमा उक्त संख्याका बालबालिकाले स्वास्थ्य सेवा लिएको देखिन्छ । | हरेक बालबालिकालाई स्वास्थ्य सेवा उपलब्धता । | पाँच बर्षमुनिका १८२० जना बालबालिकालाई स्वास्थ्य सेवा दिने लक्ष्य रहेकोमा १०३४ जना बालबालिकालाई स्वास्थ्य सेवा प्रदान गरेको देखिन्छ । |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्षमुनिका बालबालिकाको आधारमा) | २ सय ९७ जना एकवर्ष मुनिका बालबालिकाले स्वास्थ्य संस्थाबाट खोप सम्बन्धी सेवा लिएको देखिन्छ । | स्वास्थ्य संस्था तथा खोप केन्द्रबाट नियमित खोप कार्यक्रम । | २२० जना एकवर्ष मुनिका बालबालिकाले स्वास्थ्य संस्थाबाट खोप सम्बन्धी सेवा लिएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| ४ पटक गर्भवति जाँच गरिएको महिलाको संख्या (प्रतिशतमा) | नगरपालिकाभित्र २ सय २० जना गर्भवति महिलाहरुले स्वास्थ्य संस्थामा नै गई नियमित ४ पटक गर्भवति जाँच गरिएको देखिन्छ । यसरी ४ पटक नियमित गर्भजाँच गराएवापत् नगरपालिकाले गर्भवति महिलालाई ८ सय रुपैंया उपलब्ध गराएको देखिन्छ | गर्भवति जाँचलाई प्रोत्साहन । | नगरपालिकाभित्र १८५ जना गर्भवति महिलाहरुले स्वास्थ्य संस्थामा नै गई नियमित ४ पटक गर्भवति जाँच गराएको देखिन्छ । यसरी ४ पटक नियमित गर्भजाँच गराए वापत् नगरपालिकाले गर्भवति महिलालाई ८ सय रुपैंया उपलब्ध गराएको देखिन्छ । |
| दक्ष प्रसुतिकर्मीबाट प्रसुति गरिएका महिलाको संख्या | नगरपालिकाका विभिन्न ६ वटा स्वास्थ्य संस्था (बर्थिङ सेन्टर) मा गई दक्ष प्रसुतिकर्मी १ सय ५० जना गर्भवति महिलाले प्रसुति गराएको देखिन्छ । उक्त अवस्थामा नगरपालिकाले नि : शुल्क एम्बुलेन्स सेवा अस्पतालसम्म तथा रिफर भएमा सम्बन्धित अस्पतालसम्म सेवा दिँदै आएको देखिन्छ । स्वास्थ्य संस्थामा प्रसुति गराउँदा प्रोत्साहन भत्ता १ हजार उपलब्ध गराएको देखिन्छ । साथै सुत्केरी कोशेली वितरण तथा प्रतिक्षाघरमा एकहप्ता सम्म बस्ने ब्यवस्था मिलाएको देखिन्छ | दक्ष प्रसुतिकर्मीबाट प्रसुतिमा प्रोत्साहन । | नगरपालिकाका विभिन्न ६ वटा स्वास्थ्य संस्था (बर्थिङ सेन्टर) र रामेछाप प्रादेशिक अस्पतालमा गई दक्ष प्रसुतिकर्मीबाट १८५ जना गर्भवति महिलाले प्रसुति गराएको देखिन्छ । उक्त अवस्थामा नगरपालिकाले नि : शुल्क एम्बुलेन्स सेवा अस्पतालसम्म तथा रिफर भएमा सम्बन्धित अस्पतालसम्म सेवा दिँदै आएको देखिन्छ । स्वास्थ्य संस्थामा प्रसुति गराउँदा प्रोत्साहन भत्ता १ हजार उपलब्ध गराएको देखिन्छ । साथै सुत्केरीलाई कोशेली प्रदान गरेको देखिन्छ । |
| झाडा पखालाबाट मृत्य हुने बालबालिकाको संख्या | शून्य | सचेतनाका कार्यक्रमहरु संचालन । | शून्य |
| सवहेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको संख्या | ४९ हजार ४ सय ८८ जनाले नगरपालिकाको ७ वटा स्वास्थ्य संस्था, ७ वटा सहरी स्वास्थ्य केन्द्र, १ वटा जिल्ला अस्पताल र १ वटा नागरिक आरोग्य केन्द्र समेत १६ वटा स्वास्थ्य संस्थाबाट एकपटक सेवा लिएको देखिन्छ । त्यस्तै गंगालाल हृदय केन्द्रसँगको समन्वयमा संचालन गरिएको शिविरमा मुटु सम्बन्धी | १६ वटा स्वास्थ्य संस्थाबाट नियमित रुपमा अभियान, स्वास्थ्य शिविर र कार्यालयबाट नियमित सेवा प्रवाह । | ४७,६४२ जनाले नगरपालिकाको ७ वटा स्वास्थ्य संस्था, ७ वटा सहरी स्वास्थ्य केन्द्र, १ वटा रामेछाप प्रादेशिक अस्पताल र १ वटा नागरिक आरोग्य केन्द्र समेत १६ वटा स्वास्थ्य संस्थाबाट एकपटक सेवा लिएको देखिन्छ । विभिन्न समयमा विशेषज्ञ सहितको शिविरहरु संचालन गरी |

| | | | |
|---|---|---|---|
| | परामर्श/सेवा १५९५ जना, भिडियो एक्सरे १६९, आँखा जाँच २३९, दन्त सम्बन्धी सेवा १८४ लगायतका सेवाहरु लिएको देखिन्छ । | | नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गरेको देखिन्छ । |
| **शिक्षा** | | | |
| आधा घण्टाभित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिकाको संख्या | सत् प्रतिशत बालबालिका आधा घण्टाभित्र प्राथमिक विद्यालय पुग्ने गरेको देखिन्छ । नगरपालिकामा प्रारम्भीक बालविकास केन्द्र ५४ वटा, आधारभूत विद्यालय ४१ वटा, माध्यमिक विद्यालय १३ वटा रहेको देखिन्छ । | पर्याप्त तथा पायक पर्ने स्थानहरुमा विद्यालय । | सत् प्रतिशत बालबालिका आधा घण्टाभित्र प्राथमिक विद्यालय पुग्ने गरेको देखिन्छ । नगरपालिकामा प्रारम्भीक बालविकास केन्द्र ५८ वटा, आधारभूत विद्यालय (कक्षा १-८) ३८ वटा, माध्यमिक विद्यालय १३ वटा र क्याम्पस २ वटा रहेको देखिन्छ । |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर | नगरपालिकाको पूर्व प्राथमिक शिक्षामा खुद भर्ना ५ सय ७३ जना रहेको देखिन्छ । बालविकास केन्द्र विस्तार तथा समायोजन गरी विद्यार्थीहरुलाई उचीत शैक्षिक वातावरण दिन प्रयत्न गरेको देखिन्छ । | घरदैलो तथा सचेतनामूलक कार्यक्रम संचालन । | नगरपालिकाको पूर्व प्राथमिक शिक्षामा खुद भर्ना ५८४ जना रहेको देखिन्छ । बालविकास केन्द्र विस्तार तथा समायोजन गरी विद्यार्थीहरुलाई उचीत शैक्षिक वातावरण दिन प्रयत्न गरेको देखिन्छ । |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत | नगरपालिकामा प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिकाको तथ्याङ्क अद्यावधिक भएको देखिदैन । सम्पूर्ण विद्यार्थीहरुको लागि प्राथमिक शिक्षामा पहुँचको अवस्था रहेको देखिन्छ । अनिवार्य तथा नि : शुल्क शिक्षा लागू हुनुको साथै जनचेतनामूलक कार्यक्रम संचालन भएको कारण पनि प्राथमिक विद्यालयमा पहुँच बृद्धि भएको देखिन्छ । | अनिवार्य तथा नि : शुल्क शिक्षा लागू । | नगरपालिकामा प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिकाको तथ्याङ्क अद्यावधिक भएको देखिदैन । सम्पूर्ण विद्यार्थीहरुको लागि प्राथमिक शिक्षामा पहुँचको अवस्था रहेको देखिन्छ । अनिवार्य तथा नि : शुल्क शिक्षा लागु हुनुको साथै जनचेतनामूलक कार्यक्रम संचालन भएको कारण पनि प्राथमिक विद्यालयमा पहुँच बृद्धि भएको देखिन्छ । |
| कक्षा १ मा खुद भर्नादर छात्र र छात्रा | नगरपालिकामा १ सय ८० जना छात्र तथा १ सय ७६ जना छात्रा गरी जम्मा ३ सय ५६ जना कक्षा १ मा खुद भर्ना भएको देखिन्छ । | प्रारम्भीक बालविकास केन्द्र विस्तार । | नगरपालिकामा १६३ जना छात्र तथा १६६ जना छात्रा गरी जम्मा ३२९ जना कक्षा १ मा खुद भर्ना भएको देखिन्छ । |
| प्राथमिक तहमा | नगरपालिकामा कक्षा छोड्ने ४.६ | शैक्षिक वातारण | नगरपालिकामा कक्षा उत्तीर्ण हुने |

| | | | |
|---|---|---|---|
| कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तीर्ण हुने दर | प्रतिशत, कक्षा दोहोऱ्याउने ७.८ प्रतिशत र कक्षा उत्तीर्ण हुने दर ८७.६ प्रतिशत रहेको देखिन्छ । | सुधार तथा अभिभावक शिक्षा । | दर ९२.३३ प्रतिशत रहेको देखिन्छ । कक्षा दोहोऱ्याउने ७.६७ प्रतिशत र कक्षा छोड्ने बालबालिकाको संख्या न्युन रहेको देखिन्छ । |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | सामुदायिक विद्यालयमा तालिम प्राप्त शिक्षकहरुको संख्या ९८ प्रतिशत रहेको देखिन्छ । | विभिन्न किसिमका तालिमहरुको अवसर | सामुदायिक विद्यालयको प्राथमिक तहमा रहेका सबै १७१ जना शिक्षक तालिम प्राप्त रहेको देखिन्छ । |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | नगरपालिकामा ४२६ कोठा रहेकोमा ४ हजार २ सय ७१ जना विद्यार्थीहरु रहेको देखिन्छ । २९३ कक्षाकोठा मात्र पठनपाठनको लागि प्रयोग गरिएको देखिन्छ । | भवन तथा कक्षकोठा पर्याप्त । | नगरपालिकामा ४२६ कोठा रहेकोमा ४०१८ जना विद्यार्थीहरु रहेको देखिन्छ । २९३ कक्षाकोठा मात्र पठनपाठनको लागि प्रयोग गरिएको देखिन्छ । |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | नभएको । | समन्वय तथा सहजीकरण | नभएको । |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | नभएको । | समन्वय तथा सहजीकरण | नभएको । |
| दलित बालबालिकाको शिक्षामा पहुँच | दलित समुदायका बालबालिकाको शिक्षामा पहुँच रहेको भएपनि नियमित उपस्थितिको दर कम देखिन्छ । | दलित समुदायका बालबालिकालाई शिक्षमा प्रोत्साहन । | प्रारम्भीक तहदेखि माध्यमिक तहसम्म ४३६ जना दलित बालबालिका अध्ययन गरेको देखिन्छ । साथै उनीहरुको नियमितताको लागि छात्रबृत्ति वितरण गरिएको देखिन्छ । |
| **खानेपानी तथा सरसफाई** | | | |
| खानेपानी तथा सरसफाई | निरन्तर रुपमा खानेपानी ब्यवस्थापनको लागि बजेट नै विनियोजन गरि काम भईरहेको देखिन्छ । त्यस्तै बजारको फोहोर संकलन गर्ने लगायत समुदायस्तर देखि नै सरसफाईको लागि कार्य गरेको देखिन्छ । | नगरपालिकाले खानेपानी र सरसफाईको कार्यलाई प्राथमिकता । | नगरपालिकाबाट निरन्तर रुपमा खानेपानी ब्यवस्थापनको लागि बजेट नै विनियोजन गरि काम भईरहेको देखिन्छ । त्यस्तै बजारको फोहोर संकलन गर्ने लगायत समुदायस्तर देखि नै सरसफाईको लागि सचेतनामूलक कार्य गरेको देखिन्छ । |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | नगरपालिकाभित्र सार्वजनिक धाराहरुको नभएपनि वडा तथा विद्यालयमा सार्वजनिक धाराको | नगरपालिकाले स्वच्छ खानेपानीको कार्यलाई | नगरपालिकासँग स्वच्छ पानी पुगेको परिवार संख्याको विवरण नभएपनि नागरिकहरुले स्वच्छ |

| | | | |
|---|---|---|---|
| | प्रबन्ध गर्ने प्रयत्न गरेको देखिन्छ । नगरपालिकासँग स्वच्छ पानी पुगेको परिवार संख्याको विवरण नभएपनि नागरिकहरुले स्वच्छ पानी प्रयोग गरेको देखिन्छ । | प्राथमिकता । | पानी प्रयोग गरेको देखिन्छ । नगरपालिकाभित्र १४ स्थान तथा वडा र विद्यालयमा जस्ता सार्वजनिक स्थलमा खानेपानीको धाराको प्रबन्ध गरिएको देखिन्छ । |
| शौचालय भएको संख्या वा प्रतिशत | नगरपालिकासँग आधारिक तथ्याङ्क नभएपनि करिब ९५ प्रतिशत भन्दा बढी नागरिकले शौचालय प्रयोग गर्ने गरेको देखिन्छ । साथै वडा नं ५, ६, ७ र ८ मा गरी ८ वटा सार्वजनिक शौचालय समेत रहेको देखिन्छ । | अनिवार्य शौचालनको लागि प्रेरित । | नगरपालिकासँग आधिकारिक तथ्याङ्क नभएपनि करिब ९५ प्रतिशत भन्दा बढी नागरिकले शौचालय प्रयोग गर्ने गरेको देखिन्छ । साथै नगरपालिकाको १० स्थानमा सार्वजनिक शौचालय रहेको देखिन्छ । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | सबै प्राथमिक विद्यालयमा धाराको ब्यवस्था नभएपनि १०० प्रतिशत प्राथमिक विद्यालयले स्वच्छ खानेपानीको प्रबन्ध गरेको देखिन्छ । | नगरपालिका तथा संघसंस्थाहरुबाट सहयोग । | सबै प्राथमिक विद्यालयमा धाराको ब्यवस्था नभएपनि १०० प्रतिशत प्राथमिक विद्यालयले स्वच्छ खानेपानीको प्रबन्ध गरेको देखिन्छ । |
| सुधारिएको चुलो भएको परिवार संख्या | सुधारिएको चुलो भएको परिवार संख्या नगरपालिकासँग नरहेको देखिन्छ । नागरिकहरु सहरी क्षेत्रमा बिजुली चुलो र अधिकाँश स्थानमा ग्याँस चुलोको प्रयोग गरेको देखिन्छ । नगरपालिकाले सुधारिएको चुलो प्रबर्द्धनको लागि कुनै कार्यक्रमहरु संचालन भएको देखिँदैन । | नागरिकको स्वास्थ्य तथा बातावरणमैत्री बनाउन बिजुली चुलोलाई प्रोत्साहन । | नगरपालिकामा सुधारिएको चुलो अन्तर्गतको कार्यक्रम नभएपनि बजार क्षेत्रका नागरिकहरुले बिजुली चुलो र अधिकाँश स्थानमा ग्याँस चुलोको प्रयोग गरेको देखिन्छ । |
| **बालबालिका, महिला र समावेशी क्षेत्र** | | | |
| बाल विवाहको संख्या | रामेछाप नगरपालिकामा १० वटा बाल विवाह बदर भएको देखिन्छ । टोल, बस्ती स्तरसम्म विभिन्न सचेतना मूलक कार्यक्रमहरु संचालन गर्नुको साथै बालअधिकार समितिको क्रियाशीलता बृद्धि भएको देखिन्छ । | विद्यालय तथा टोल, समुदायमा बाल विवाह बिरुद्ध सचेतनाका कार्यक्रम संचालन । | नगरपालिकाको समुदायस्तर सम्म सचेतना तथा शसक्तिकरणको कार्यक्रम संचालन र बालअधिकार समितिको क्रियाशीलता बृद्धि भएको हुँदा बाल बिवाहको उजुरीहरु आएको देखिदैन । |
| सामाजिक विकृति, बिसङ्गती | नगरपालिकामा सामाजिक विकृति, बिसङ्गती सम्बन्धी कुनै उजुरीहरु आएको देखिदैन । कतैकतै छुवाछुतको विषय | नगरपालिकाले सामाजिक विकृति, बिसङ्गती बिरुद्धको कार्यको लागि | नगरपालिकामा सामाजिक विकृति, बिसङ्गती सम्बन्धी कुनै उजुरीहरु आएको देखिदैन । कतैकतै छुवाछुतको विषय |

| | | | |
|---|---|---|---|
| | आएपनि उजुरीको रुपमा आएको देखिँदैन । सामाजिक विकृति, बिसङ्गती न्यूनीकरणको लागि टोल बस्तीमा शसक्तिकरणको कार्यक्रम संचालन गर्नुको साथै सचेतनामूलक सडक नाटकहरु प्रस्तुतीकरण गरेको देखिन्छ । समुदाय प्रहरी साझेदारी कार्यक्रम संचालन गर्नुको साथै बालबालिकाको समूहमा समेत यी विषयहरु छलफल गर्ने गरिएको देखिन्छ । | बजेट विनियोजन । | आएपनि उजुरीको रुपमा आएको देखिँदैन । सामाजिक विकृति, बिसङ्गती न्यूनीकरणको लागि टोल बस्तीमा शसक्तिकरणको कार्यक्रम संचालन गर्नुको साथै सचेतनामूलक सडक नाटकहरु प्रस्तुतीकरण गरेको देखिन्छ । समुदाय प्रहरी साझेदारी कार्यक्रम संचालन गर्नुको साथै बालबालिकाको समूहमा समेत यी विषयहरु छलफल गर्ने गरिएको देखिन्छ । |
| सामाजिक सुरक्षा भत्ता प्राप्तीको अवस्था | नगरपालिकाबाट ४ हजार ७ सय ४२ जना व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको देखिन्छ । जेष्ठ नागरिक २५९८, जेष्ठ नागरिक (दलित) ११८, एकल महिला १९५, विधवा ३७७, अपाङ्गता भएका २०८, दलित बाल पोषण २३२ र लोपोन्मुख १०१४ जनाले लिएको देखिन्छ । सबै किसिमका सामाजिक सुरक्षा भत्ता नगरपालिकामा रहेको राष्ट्रिय बाणिज्य बैंकका ३ वटा शाखा तथा लक्ष्मी सनराइज बैंकबाट त्रैमासिक रुपमा वितरण गरेको देखिन्छ । | बैङ्किग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण | रामेछाप नगरपालिकाबाट ४ हजार ७ सय ९५ जना व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको देखिन्छ । जेष्ठ नागरिक २६००, जेष्ठ नागरिक (दलित) १२०, एकल महिला १८५, विधवा ४१०, अपाङ्गता भएका २१५, दलित बाल पोषण २३६ र लोपोन्मुख १०२९ जनाले लिएको देखिन्छ । सबै किसिमका सामाजिक सुरक्षा भत्ता नगरपालिकामा रहेको राष्ट्रिय बाणिज्य बैंकका ३ वटा शाखा तथा लक्ष्मी सनराइज बैंकबाट त्रैमासिक रुपमा वितरण गरेको देखिन्छ । |
| **जनचेतना तथा गरीबी निवारण** | | | |
| बालश्रमको अवस्था | रामेछाप नगरपालिकामा निकृष्ट किसिमका बालश्रम प्रयोग भएको देखिदैन । बालमैत्री स्थानीय शासनको लागि काम गरिरहेको र विद्यालय, समुदाय, बालक्लब, वडा स्तरमा बालश्रम अन्त्यको लागि नियमित रुपमा अभिमुखीकरण गरि रहेको देखिन्छ । नगरपालिकाबाट बालश्रमको नियमित अनुगमन गरेको देखिदैन | बालश्रम बिरुद्ध नीति तथा सचेतनाका कार्यक्रमहरु संचालन । | रामेछाप नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह भएको कारण पनि निकृष्ट किसिमका बालश्रम रहेको देखिदैन । नगरपालिकाबाट बालश्रमको नियमित अनुगमन गरी सरोकारवालालाई सुसुचित गराउने गरिएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| बालक्लबहरुको अवस्था | बाल समुहहरु एकीकरण गरी समुदायस्तरका ८३ वटा, विद्यालयस्तरका बाल क्लब समूह ३० वटा गठन भई परिचालन भएको देखिन्छ । त्यसैगरि नगरपालिका स्तरमा १ वटा र सबै (९ वटै) वडाहरुमा समेत बाल संजाल गठन गरी परिचालन गरेको देखिन्छ । बाल समूहको क्षमता विकासका साथै बालश्रम, बालविवाह न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यहरु समेत समुह मार्फत भएको देखिन्छ । वडा तथा नगरपालिकामा बिहेबारी बीसवर्ष पारी, बाल अधिकारका क्षेत्रहरु लगायत बालअधिकारको संरक्षण गर्ने विभिन्न पर्चा तथा भित्ते लेखन भएको देखिन्छ । | बार्षिक कार्यक्रममा बालक्लब गठन तथा क्षमता विकासका कार्यक्रम राखिएको । | बाल समुहहरु एकीकरण गरी समुदायस्तरका ८३ वटा, विद्यालयस्तरका बाल क्लब समूह ३० वटा गठन भई परिचालन भएको देखिन्छ । त्यसैगरि नगरपालिका स्तरमा १ वटा र सबै (९ वटै) वडाहरुमा समेत बाल संजाल गठन गरी परिचालन गरेको देखिन्छ । बाल समूहको क्षमता विकासका साथै बालश्रम, बालविवाह न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यहरु समेत समुह मार्फत भएको देखिन्छ । वडा तथा नगरपालिकामा बिहेबारी बीसवर्ष पारी, बाल अधिकारका क्षेत्रहरु लगायत बालअधिकारको संरक्षण गर्ने विभिन्न पर्चा तथा भित्ते लेखन गरिएको देखिन्छ । |
| महिला हिँसा | नगरपालिकामा महिला हिँसा सम्बन्धी घटनाहरुको उजुरी आएको देखिदैन । सामान्य घरायसी झैझगडाहरु समुदायमा नै मिल्ने गरेको देखिन्छ । | नगरपालिकको बार्षिक कार्यक्रममा महिला हिंसा बिरुद्धका कार्यक्रम समावेश । | नगरपालिकामा महिला हिँसा सम्बन्धी घटनाहरुको उजुरी आएको देखिदैन । सामान्य घरायसी झैझगडाहरु समुदायमा नै मिल्ने गरेको देखिन्छ । |
| रोजगारीको अवस्था | नगरपालिकामा ४ सय ५७ जना जना बेरोजार सुचीकृत भएकोमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ६५ जनाले रोजगारी पाएको देखिन्छ । नगरपालिकाले सडक निर्माण अन्तर्गत रेलिङ, मेसिनरी वाल, पदमार्गका बाटो तथा नगरका साझेदारीका कार्यहरुमा बेरोजगार व्यक्तिहरुको | रोजगार कार्यक्रम संचालन मार्फत रोजगारी सिर्जना । | नगरपालिकामा ४ सय ५६ जना जना बेरोजार ब्यक्तिहरु सुचीकृत भएकोमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ११२ जनाले रोजगारी पाएको देखिन्छ । नगरपालिकाले सडक निर्माण अन्तर्गत रेलिङ, मेसिनरी वाल, पदमार्गका बाटो, मठ मन्दिर, चौतारा तथा नगरका |

| | | | |
|---|---|---|---|
| | परिचालन गरेको देखिन्छ । साथै नगरपालिका तथा उद्यम विकास कार्यक्रम अन्तरगत सीप विकास गराई स्थानीय स्तरमा ब्यवसाय संचालनको लागि उत्प्रेरणा गराएको देखिन्छ । | | साझेदारीका कार्यहरुमा बेरोजगार ब्यक्तिहरुलाई परिचालन गरेको देखिन्छ । साथै नगरपालिका तथा उद्यम विकास कार्यक्रम अन्तरगत सीप विकास गराई स्थानीय स्तरमा ब्यवसाय संचालनको लागि उत्प्रेरणा गराएको देखिन्छ । |
| स्वरोजगारका प्रयासहरु | उद्यम विकास कार्यक्रम अन्तरगत वडा नं ५ रामपुरमा ४० जना नयाँ उद्यमी सिर्जना गरेको देखिन्छ । उनीहरुलाई मेसिन होजियारी, हाउस वाइरिङ, सुधारिएको आरण जस्ता सीप विकासका तालिम प्रदान गरिएको देखिन्छ । त्यस्तै नगरपालिकाले वडा नं ८ का १० जना लोपोन्मुख हायु समुदायलाई सरफ र साबन बनाउने तालिम दिएकोमा हाल ब्यवसायिक रुपमा काम गरेको देखिन्छ । त्यसैगरि आरबिपीडब्लु सँगको साझेदारीमा २० जनालाई मेसिनद्वारा उनी बुनाई तालिम र दुना टपरी तालिम संचालन पश्चात् खादाको बिस्तापन गर्ने गरी गलबन्दी र स्वीटरको उत्पादन तथा बितरण गरी आयआर्जन बृद्धि गरेको देखिन्छ । साथै वडा नं ७ मा औधोगिकग्राम निर्माणको लागि समेत कार्य गरेको देखिन्छ । | उद्यम विकास तथा सीप विकास तालिम संचालन । | स्थानीय श्रोत साधानको प्रयोग गरी मेड्पा मोडलमा नयाँ उद्यमी सिर्जना कार्यक्रमबाट ४२ जना तथा पुराना लघु उद्यमीहरुको स्तरोन्नती कार्यक्रमबाट २५ जना र गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट नयाँ उद्यमी सिर्जना ३० जना तथा स्तरोन्नतीबाट २० जना उद्यमीहरुलाई तालिम प्रदान गरी ७५ प्रतिशत उद्यमीहरु स्वरोगार भएको देखिन्छ । साथै रामेछाप नगरपालिकाभित्र ब्यवसाय गरि रहेका उद्यमीहरुलाई थप बजेटको ब्यवस्था गरी ५३ जना उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमबाट मेसिन उपलब्ध गराई उत्पादन, उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गरी आय आर्जनमा समेत बृद्धि गरेको देखिन्छ । |
| गरीबी निबारणका प्रयासहरु | सामाजिक सचेतीकरण र विभिन्न सीपमूलक तालिमहरु संचालन गरेको देखिन्छ । साथै ब्यवसायिक उत्पादन र आयआर्जनको लागि अनुदान समेत वितरण भएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम, लघु उद्यम विकास कार्यक्रम मार्फत पनि तालिम | गरीबी निवारणका लागि सीप तथा लघु उद्यम विकास कार्यक्रम संचालन । | सामाजिक सचेतीकरण र विभिन्न सीपमूलक तालिमहरु संचालन गरेको देखिन्छ । साथै ब्यवसायिक उत्पादन र आयआर्जनको लागि अनुदान समेत वितरण भएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम, लघु उद्यम विकास कार्यक्रम |

| | | | |
|---|---|---|---|
| | तथा रोजगारीको सिर्जना गरिएको देखिन्छ । सीप, क्षमता विकास मार्फत गरीबीका कार्यक्रमलाई प्रभावकारी बनाउने प्रयत्न गरिएको देखिन्छ । | | मार्फत पनि तालिम तथा रोजगारीको सिर्जना गरिएको देखिन्छ । सीप, क्षमता विकास मार्फत गरीबीका कार्यक्रमलाई प्रभावकारी बनाउने प्रयत्न गरिएको देखिन्छ । |
| सामाजिक परिचालन | उपभोक्ता समिति मार्फत कार्य गर्ने गरेको तथा श्रम स्वीकृतीको लागि सहयोग गरेको देखिन्छ । उद्यम विकास कार्यक्रम अन्तर्गत समुदायमा ३ वटा समूह गठन र सहभागीतात्मक ग्रामीण लेखाजेखा कार्यक्रम संचालन गरि व्यवसायिक हुन उत्प्रेणा प्रदान गरिएको देखिन्छ । विभिन्न ११ वटा टोल विकास संस्थाहरु गठन भई योजना छनौट, कार्यान्वयन प्रक्रियामा सामाजिक परिचालनको कार्य भएको देखिन्छ । | उद्यम तथा अन्य समूह गठन तथा परिचालन । | वडा नं १, २ र ५ मा गृहणी महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत महिला समूह गठन, दर्ता र परिचालन गरेको देखिन्छ । उपभोक्ता समिति मार्फत कार्य गर्ने गरेको तथा श्रम स्वीकृतीको लागि सहयोग गरेको देखिन्छ । उद्यम विकास कार्यक्रम अन्तर्गत समुदायमा समूह गठन र सहभागीतात्मक ग्रामीण लेखाजेखा कार्यक्रम संचालन गरि व्यवसायिक हुन उत्प्रेणा प्रदान गरिएको देखिन्छ । विभिन्न ११ वटा टोल विकास संस्थाहरु गठन भई योजना छनौट, कार्यान्वयन प्रक्रियामा सामाजिक परिचालनको कार्य भएको देखिन्छ |
| बातावरण सुधारका प्रयासहरु | वडा नं ८ को भोर्लेमा लैण्डफिल साइटमा फोहोर ब्यवस्थापनलाई निरन्तरता दिएको देखिन्छ । नगरपालिकाको विभिन्न स्थानहरुमा बृक्षरोपण समेत गरेको देखिन्छ । साथै सार्वजनिक स्थल तथा बजार केन्द्रमा कुहिने र नकुहिने फोहोर राख्ने डस्बिनको समेत ब्यवस्थापन गरी फोहोर संकलनलाई प्रभावकारी बनाउने प्रयत्न गरेको देखिन्छ । | नगरपालिकालाई स्वच्छ र सफा राख्ने प्रयत्न । | वडा नं ८ को भोर्लेमा लैण्डफिल साइटमा फोहोर ब्यवस्थापनलाई निरन्तरता दिएको देखिन्छ । नगरपालिकाको विभिन्न स्थानहरुमा बृक्षरोपण समेत गरेको देखिन्छ । साथै सार्वजनिक स्थल तथा बजार केन्द्रमा कुहिने र नकुहिने फोहोर राख्ने डस्बिनको समेत ब्यवस्थापन गरी फोहोर संकलनलाई प्रभावकारी बनाउने प्रयत्न गरेको देखिन्छ । |
| एच्आइभी र एड्स | ० (शून्य) | एच्आइभी, एड्सको परीक्षण र परामर्शको ब्यवस्था रहेको । | ० (शून्य) |

| विकासमा समान सहभागीता सेवाहरुमा पहुँच | | | |
|---|---|---|---|
| स्थानीय बजार पुग्न लाग्ने समय | बिर्ताबाट २ घण्टाभन्दा बढी समयमा बजार केन्द्रमा नागरिकहरु आइपुगेको अवस्थाछ । अन्य स्थानबाट एक घण्टाभित्र नगरबासीहरु स्थानीय बजारमा पुग्न सक्ने अवस्था रहेको देखिन्छ । साथै स्थानीय उत्पादनहरु बजारमा लगेर बिक्रि वितरण गर्नुको साथै आवश्यक सामाग्रीहरु खरिद गरेर ल्याउने गरेको देखिन्छ । | सडक स्तरोन्नती साथै पायक पर्ने स्थानमा स्थानीय बजार रहेको । | बिर्ताबाट २ घण्टाभन्दा बढी समयमा बजार केन्द्रमा नागरिकहरु आइपुगेको अवस्थाछ । अन्य स्थानबाट एक घण्टाभित्र नगरबासीहरु स्थानीय बजारमा पुग्न सक्ने अवस्था रहेको देखिन्छ । साथै स्थानीय उत्पादनहरु बजारमा लगेर बिक्रि वितरण गर्नुको साथै आवश्यक सामाग्रीहरु खरिद गरेर ल्याउने गरेको देखिन्छ । |
| कृषि सेवाकेन्द्र पुग्न लाग्ने समय | हिमगंगा र साँघुटारका समुदायबाट सेवाकेन्द्र आउन बढीमा २ घण्टा लाग्ने गरेको भएपनि अन्य स्थानलाई सहजता नै रहेको देखिन्छ । वडा नं १, २, ३, ४, ६ मा ४ स्थानमा प्राविधिक सहितको कृषि सेवा प्रवाह भएको देखिन्छ । वडा नं ७, ८, ९ का कृषकको लागि नगरपालिकाबाट नै सेवा दिइएको तथा वडा नं ५ मा हाल प्राविधिक नरहेको अवस्था देखिन्छ । कृषकहरुलाई प्राविधिक मार्फत समुदायमा नै परामर्श सेवा उपलब्ध गराएको देखिन्छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट वडा नं १, ४, ५, ६, ७, ८ लाई जुनार पकेट क्षेत्र बनाई कार्य गरिरहेको देखिन्छ । कृषि सामाग्री, तरकारी प्लाष्टिक टनेल, विभिन्न प्रकारका बीउ बिजन बितरण गर्नुको साथै वडा नं ६ मा जुनार सित भण्डारको स्थापना समेत गरेको देखिन्छ । वडा नं ५ र वडा नं ७ मा नर्सरी स्थापना भई संचालन भएको देखिन्छ । त्यसैगरि, पशु स्वास्थ्य सेवा अन्तर्गत वडा नं १ देखि | कृषिलाई प्रोत्साहन गरिएको । | हिमगंगा र साँघुटारका समुदायबाट सेवाकेन्द्र आउन बढीमा २ घण्टा लाग्ने गरेको भएपनि अन्य स्थानलाई सहजता नै रहेको देखिन्छ । **कृषि विकास शाखा अन्तर्गत** २ जना शाखामा र २ जना फिल्डमा प्राविधिक रहेको देखिन्छ । कृषकहरुलाई प्राविधिक मार्फत समुदाय र शाखाबाट परामर्श सेवा उपलब्ध गराएको देखिन्छ । कृषि सामाग्री, तरकारी प्लाष्टिक टनेल, विभिन्न प्रकारका बीऊ बिजन बितरण गर्नुको साथै वडा नं ६ मा जुनार सित भण्डारको ब्यवस्थापन, वडा नं ५ र वडा नं ७ मा नर्सरी स्थापना भई संचालन भएको देखिन्छ । **त्यसैगरि पशु विकास शाखा अन्तर्गत** वडा नं १ देखि वडा नं ५ सम्म वडा कार्यालयमा नै पशु प्राविधिक रहेको तथा वडा नं ६, ७, ८ र ९ मा नगरपालिकाबाट नै सेवा दिने गरेको देखिन्छ । वडा नं ४ लाई बाखा पकेट क्षेत्र बनाई कार्य गरेको देखिन्छ । २०० सामुदायिक घरपालुवा तथा |

| | | | |
|---|---|---|---|
| | वडा नं ६ सम्म वडा कार्यालयमा नै पशु प्राविधिक रहेको तथा वडा नं ७, ८ र ९ मा नगरपालिकाबाट नै सेवा दिने गरेको देखिन्छ । १५० सामुदायिक घरपालुवा तथा सामुदायिक कुकुर बन्ध्याकरण, २५०० गाईबस्तुलाई पीपीआर, ७ हजार गाईबस्तुलाई खोरेत रोगको भ्याक्सीन लगायतका उपचारात्मक सेवा तथा अत्यावश्यक औषधिहरुको वितरण गरिएको देखिन्छ । | | सामुदायिक कुकुर बन्ध्याकरण, ३० हजार गाईवस्तुलाई पीपीआर, १४२९६ गाईबस्तुलाई खोरेत रोगको भ्याक्सीन लगायतका उपचारात्मक सेवा, रोकथाम तथा अत्यावश्यक औषधिहरुको वितरण गरिएको देखिन्छ । |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त बर्गको संख्या, नीजहरुले पाएको सेवा तथा दिइएका विशेष अवसरहरु | भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत बर्गको लागि कृषि, पशुपालनमा प्राथमिकता कार्यक्रमहरु रहेको देखिन्छ । समुदायमा नै अपाङ्गता परिचय पत्र वितरण गरिएको देखिन्छ । त्यस्तै, नगरपालिकाको तर्फबाट आयआर्जनमा आधारित सीप विकास, क्षमता विकासमा विशेष अवसरहरु प्रदान गरिएको देखिन्छ । नयाँ बन्ने पूर्वाधारहरु पनि लैससमैत्री बनाउने प्रयत्न गरिएको देखिन्छ । लघु उद्यम कार्यक्रम अन्तर्गत ७० प्रतिशत महिला, समूहमा अनिवार्य अपाङ्गता भएका ब्यक्तिहरुको सहभागीता, सीमान्तकृत तथा लोपोन्मुख हायु जातिको लागि विशेष प्राथमिकता दिएको देखिन्छ । | नगरपालिकको प्राथमिकता तथा कार्यक्रममा नै समावेश । | भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत बर्गको लागि कृषि, पशुपालनमा प्राथमिकता कार्यक्रमहरु रहेको देखिन्छ । समुदायमा नै अपाङ्गता परिचय पत्र वितरण गरिएको देखिन्छ । त्यस्तै, नगरपालिकाको तर्फबाट आयआर्जनमा आधारित सीप विकास, क्षमता विकासमा विशेष अवसरहरु प्रदान गरिएको देखिन्छ । नयाँ बन्ने पूर्वाधारहरु पनि लैससमैत्री बनाउने प्रयत्न गरिएको देखिन्छ । |
| **विविध** | | | |
| जनशक्ति | अघिल्लो बर्षको तुलनामा स्थायी कर्मचारीको संख्या बृद्धि भएको देखिन्छ । नगरपालिकामा १ सय ९९ जनाको स्वीकृत दरबन्दी भएपनि हाल अधिकृत ३१ जना, सहायक स्तर ११३ जना र श्रेणी विहिन ५० (स्थायी र करार | - | रामेछाप नगरपालिकामा १९९ जना कर्मचारीको स्वीकृत दरबन्दी भएपनि हाल १६० जना कार्यरत रहेको देखिन्छ । जसमध्ये स्थायी ७३ जना, करार ७७ जना र कार्यक्रम तर्फ १० जना कर्मचारी कार्यरत रहेको |

| | | | |
|---|---|---|---|
| | समेत) गरी १ सय ९४ जना कर्मचारी रहेको देखिन्छ । करार तथा कार्यक्रम तर्फ ९५ जना कर्मचारीहरु रहेको देखिन्छ । अझैपनि स्थायी कर्मचारीहरु पर्याप्त नभएपनि साविकका करार सेवाका कर्मचारीहरुबाट सेवा प्रभाव भइरहेको देखिन्छ । | | देखिन्छ । स्थायी कर्मचारीहरु पर्याप्त नभएपनि साविकका करार सेवाका कर्मचारीहरुबाट सेवा प्रभाव भइरहेको देखिन्छ । दरबन्दी अनुसार ३९ जना कर्मचारी रिक्त रहेको देखिन्छ । |
| नीति तथा कार्यक्रम | नगरपालिकाको नीति अनुसार कार्यक्रम तर्जुमा हुन नसकेको देखिन्छ । आवधिक योजना समेत नरहेको अवस्थामा नीति धेरै कार्यक्रम थोरै भएको हुँदा लिइएको नीति पूरा गर्ने क्रियाकलापहरु तर्जुमा ध्यानदिनु पर्ने देखिन्छ । यसरी हेर्दा समग्रमा ८६.५९ प्रतिशत प्रगती रहेको देखिन्छ । | नगरपालिकको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा । | नगरपालिकाको नीति अनुसार कार्यक्रम तर्जुमा हुन नसकेको देखिन्छ । आवधिक योजना समेत नरहेको अवस्थामा नीति धेरै कार्यक्रम थोरै भएको हुँदा लिइएको लक्ष्य पूरा गर्ने क्रियाकलापहरु तर्जुमा ध्यानदिनु पर्ने देखिन्छ । यसरी हेर्दा समग्रमा नगरपालिकाको ८३.०७ प्रतिशत प्रगती रहेको देखिन्छ । |
| भौतिक व्यवस्था | नगरपालिकाको आफ्नै प्रशासनिक भवन रहेको तथा वडा नं ८ वाहेक अन्य ८ वटा वडा कार्यालयको आफ्नै पक्की भवन रहेकोमा सोही स्थानबाट सेवा प्रवाह गरि रहेको देखिन्छ । फर्निचर तथा उपकरणको ब्यवस्थापन आवश्यकता अनुसार रहेको देखिन्छ । | आवश्यक भौतिक संरचनाहरु निर्माणको लागि नीति लिइएको । | नगरपालिकाको आफ्नै प्रशासनिक भवन रहेको तथा सबै वडा कार्यालयको आफ्नै पक्की भवन रहेकोमा सोही स्थानबाट सेवा प्रवाह गरि रहेको देखिन्छ । फर्निचर तथा उपकरणको ब्यवस्थापन आवश्यकता अनुसार रहेको देखिन्छ । |
| समन्वय तथा सहकार्यका प्रयासहरु | आन्तरिक समन्वय तथा सहकार्यको अवस्था सन्तोषजनक रहेको देखिन्छ । साथै अन्तरपालिका, जिल्ला समन्वय समिति, प्रदेश, संघसँगको समन्वय र सहकार्यको लागि आवश्यकता तथा औचित्यको आधारमा प्रयास भइरहेको देखिन्छ । नगरपालिकाले अहिलेसम्म कुनै स्थानीय तहसँग भगीनी सम्बन्ध स्थापना गरेको देखिँदैन । | नगरपालिकाले प्रभावकारी समन्वय र सहकार्यको नीति लिएको । | आन्तरिक समन्वय तथा सहकार्यको अवस्था सन्तोषजनक रहेको देखिन्छ । साथै अन्तरपालिका, जिल्ला समन्वय समिति, प्रदेश, संघसँगको समन्वय र सहकार्यको लागि आवश्यकता तथा औचित्यको आधारमा प्रयास भइरहेको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | योजना संचालनमा नागरिकको सहभागिता सुनिश्चितता गरिएको देखिन्छ । नगरपालिकाबाट सामाजिक परिचालन, सचेतीकरण कार्यक्रम संचालन भएको देखिन्छ साथै समुदायसँग सहकार्य गरि कार्यक्रम संचालन गर्ने गरिएको देखिन्छ । | - | योजना संचालनमा जनसहभागिता सुनिश्चितता गरिएको देखिन्छ । नगरपालिकाबाट सामाजिक परिचालन, सचेतीकरण कार्यक्रम संचालन भएको देखिन्छ । |

## ६. सुधारको लागि चाल्नुपर्ने कदमहरु तथा सुझाव (बुँदागत रूपमा लेख्ने) :

- जनप्रतिनिधि र कर्मचारीको आवश्यकता अनुसार थप क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्नुपर्ने ।
- दीर्घकालिन सोच सहित प्रतिफल प्राप्त हुने ठुला आयोजनामा वजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्ने ।
- आन्तरिक आय बृद्धि गर्न नयाँ करका क्षेत्र पहिचान गर्दै करको दायरालाई फराकिलो बनाउनु पर्ने ।
- नगरपालिकाको स्वीकृत दरबन्दीमा स्थायी पदपूर्ति गरी नागरिकलाई सहज रुपमा सेवा प्रवाह गर्नुपर्ने ।
- लागत साझेदारीलाई प्रोत्साहन गर्नुपर्ने ।
- नगरपालिका बाहेक प्रदेश र केन्द्रबाट आउने सबै किसिमका योजनाको विषयमा कार्यपालिकामा छलफल भई निर्णय गर्नुपर्ने ।
- सामाजिक जवाफदेहिताका औजारहरु संस्थागत गर्नुपर्ने ।
- वडा तथा नगरस्तरीय योजनाको अनुगमन तथा मूल्याङ्कन नतिजामा आधारित हुनका साथै व्यवस्थित गर्नुपर्ने ।
- नेपालमा नै लोपोन्मुख जातिको रुपमा हायु जातिको बसोवास रहेको हुँदा नेतृत्व तथा सार्वजनिक सेवाको पहुँचमा ल्याउने विशेष कार्यक्रम बनाउनु पर्ने ।
- गैर सरकारी संस्था समन्वय डेक्स स्थापना गरी गैससको स्रोत र क्षमताको अधिकतम उपयोग गर्नुपर्ने
- रामेछाप नगरपालिका सुख्खा क्षेत्र भएको हुँदा आकासे पानी संकलन गर्न पोखरीहरु निर्माण गर्नुपर्ने ।
- शिक्षण सिकाईमा आधुनिक प्रविधिको उच्चतम् प्रयोग गर्नुपर्ने ।
- स्वास्थ्य सेवाका कार्यहरु प्रभावकारी रहेको हुँदा पर्याप्त बजेट सहित निरन्तर रुपमा संचालन गर्नुपर्ने ।
- स्वास्थ्य क्षेत्रको लागि आवश्यकता अनुसार संरचना तथा उपकरणहरुको व्यवस्थापन गर्नुपर्ने ।
- खानेपानी तथा वातावरण सम्बन्धी सचेतनाका कार्यक्रमहरु समुदाय स्तरमा लैजानु पर्ने ।
- कृषि तथा पशु सम्बन्धी बाह्य उत्पानलाई भन्दा स्थानीय उत्पादलाई जोड दिने नीति बनाउनु पर्ने ।
- नगरपालिकाको सुख्खा क्षेत्रमा सामूहिक फलफूल खेती प्रबर्द्धनमा ध्यानदिनु पर्ने ।
- रोजगार प्रबर्द्धन तथा उद्यशीलतासँग सम्बन्धीत कार्यक्रम बढाउनु पर्ने ।
- नागरिकहरुको आवश्यकताको पहिचान गरी योजना तर्जुमा गर्नुपर्ने ।
- उद्यम क्षेत्रलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गर्नुपर्ने ।
- जुनारको प्रबर्द्धन गरी आयआर्जनमा प्रत्यक्ष टेवा पुग्ने कार्यक्रम तर्जुमा गर्नुपर्ने ।

## ७. नगरपालिका सम्बन्धी विविध जानकारी

### क. समग्र खर्चको अवस्था (आ.व. २०८१/०८२)

| क.सं | विवरण | अनुमानित बजेट | खर्च बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ५०,५०,४३,६०६ | ४४,१८,०५,८७६.६६ | ८९.४८ |
| २ | पुँजीगत | २६,३८,२५,९५४ | १९,६९,५५,९६८.६४ | ७६.६५ |
| **कुल (समग्र)** | | **७६,८८,६९,५५१** | **६३,८७,६१,८४५.३०** | **८३.०७** |

### ख. विषय क्षेत्रगत/उपक्षेत्रगत बार्षिक बजेट बिनियोजन र खर्च रुपैंयामा (आ.व. २०८१/०८२)

| क.सं | विषय क्षेत्रगत/उपक्षेत्र | बिनियोजित बजेट | खर्च | प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,५३,५७,१०७ | २,२०७,६०,७१०.०८ | ८१.८९ |
| २ | सामाजिक विकास | ३६,४५,२५,९९४ | ३१,४१,७७,३२८.४८ | ८६.१९ |
| ३ | पूर्बाधार विकास | १८,९४,६५,२२३ | १३,९५,३६,८९६.५५ | ७३.६५ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १,५६,४५,४०० | १,३७,५२,४४० | ८७.९ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १७,३८,७५,८२७ | १५,०५,३४,४७०.१८ | ८६.५८ |
| | **कूल जम्मा** | **७६,७८,६९,५५१** | **६३,७७,६१,८४५.२९** | **८३.०७** |

### ग. खरिद सम्बन्धी विवरण

| क.सं | विवरण | संख्या |
|---|---|---|
| १ | उपभोक्ता समितिसँग संम्झौता भई कार्यान्वयन भएका योजना/कार्यक्रम संख्या | ९७ |
| २ | प्रतिस्पर्धाको माध्यमबाट संम्झौता भई कार्यान्वयन भएका योजना/कार्यक्रम संख्या | ४ |
| **जम्मा** | | **१०४** |

### घ. नगरपालिकाबाट हालसम्म जारी भएका ऐन, नियम सम्बन्धी विवरण

| क.सं | विवरण | जम्मा संख्या (२०८१/०८२) | कैफियत |
|---|---|---|---|
| १ | ऐन | २० | |
| २ | नियमावली | ६ | |
| ३ | कार्यविधि | ५६ | |
| ४ | निर्देशिका | ५ | |
| ५ | मापदण्ड | २ | |
| ६ | अन्य (नर्म्स) | ० | |
| ७ | कर्मचारी तथा पदाधिकारीको आचार संहिता | ० | |

## ङ. ब्यक्तिगत घटना दर्ताको अवस्था (आ.व. २०८१/०८२)

| क्र.सं | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | जन्म | ३४२ | ३८१ | ७२३ |
| २ | मृत्यु | १३७ | १३७ | २७४ |
| ३ | विवाह | ३३८ | | ३३८ |
| ४.१ | बसाईसराई आएका (घरधुरी) | ७ | | ७ |
| ४.२ | बसाईसराई गएका (घरधुरी) | ६० | | ६० |
| ५ | सम्बन्ध बिच्छेद | ३५ | | ३५ |
| | | | **जम्मा** | |

## च. आ.व २०८१/०८२ मा नगरपालिकाबाट सामाजिक जवाफदेहिता प्रबर्द्धनमा भएका प्रमुख कार्यहरु

| क्र.सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई | ३ | हरेक चौमासिक रुपमा एकिकृत सेवा सहित । |
| २ | सार्वजनिक परीक्षण | - | सबै योजनाहरुको अनिवार्य रुपमा गराइएको । |
| ३ | सामाजिक परीक्षण | १ | हरेक आर्थिक वर्षमा कार्यविधि अनुसार गरिएको । |
| ४ | अर्धबार्षिक समीक्षा | ० | नभएको । |
| ५ | बार्षिक प्रगती समीक्षा | १ | गरिएको । |
| ६ | आयोजनागत अनुगमन | - | ५ लाखसम्मका योजनाको वडाबाट र ५ लाखसम्म वा सो भन्दा माथिका योजनाका उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन तथा सुपरिवेक्षण समितिले अनिवार्य अनुगमन गर्ने गरेको । |
| ७ | नगरसभा | २ | हिउँदे अधिवेशन २०८१ पौष २४ गते र बजेट अधिवेशन २०८२ असार ९ गते । |
| ८ | कार्यपालिका बैठक | १९ | कम्तीमा मासिक रुपमा बस्नुपर्ने ब्यवस्था रहेको । |
| ९ | विषयगत समिति बैठक | १५ | हरेक समितिको कम्तीमा २ पटक बैठक बसेको । |
| १० | कर्मचारी बैठक | ४ | कर्मचारीको बैठक हरेक महिनाको ५ गते बस्ने भनिएपनि जम्मा ४ पटक मात्र बसेको । |
| ११ | शाखा प्रमुख बैठक | ४० | प्रत्येक साताको सोमवार शाखा प्रमुखको बैठक बस्ने भनिएपनि हरेक साता अनिवार्य रुपमा बस्ने गरेको । |

## छ. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, बित्तीय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको अवस्था

| क्र.सं | विषयगत क्षेत्र | आ.ब. ०७८/०७९ को नतिजा | आ.ब. ०७९/०८० को नतिजा | आ.ब. ०८०/०८१ को नतिजा | आ.ब. ०८१/०८२ को नतिजा |
|---|---|---|---|---|---|
| १ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) | ७७ | ७४ | ८३.२५ | एकिकृत कार्यविधि बनेको |
| २ | स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) | ७२ | ७०.५ | ८०.५ | एकिकृत कार्यविधि बनेका |
| ३ | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (LGPAS) | | | | ६५ **प्रारम्भीक नतिजा** |

# अनुसूची-२

## रामेछाप नगरपालिकाद्वारा आ.व २०८१/०८२ मा बिनियोजन भई संचालन गरिएका योजनाले

## सामाजिक रुपमा पारेको प्रभाव विश्लेषण

**१. भारलांगे सिचाई कुलो मर्मत तथा टयाङ्की मर्मत योजना रामेछाप नगरपालिका-१**



स्थानीय छत्र बहादुर थापाको अध्यक्षतामा रहेको उपभोक्ता समिति मार्फत ४ लाख ८० हजार र जनसहभागिता ५३ हजार समेतको लागतमा भारलांगे सिचाई कुलो मर्मत तथा टयाङ्की मर्मत योजना सम्पन्न गरेको देखिन्छ । सिंचाई सहजता पश्चात् कृषकहरुको धान, मकै, गहुँ, तरकारी, सागपात जस्ता बालीनालीमा बृद्धि भई बिक्रि वितरण समेत गरिएको र सो बाट जीविकोपार्जनमा समेत मद्धत पुगेको देखिन्छ । करीब ३ सय रोपनी जग्गामा सिंचाई भई करीब १०० घरघुरीका नागरिकलाई प्रत्यक्ष रुपमा फाइदा पुगेको भारलागें सिचाई कुलो मर्मत तथा टयाङ्की मर्मत योजनाको क्रममा भारलाँगे धारोबाट पानी ल्याइएको देखिन्छ । १२० मिटर लामो, ४० सेन्टीमिटर चौडा र उचाईको कुलो निर्माण गरिएको देखिन्छ । योजनाको दीगोपनाको लागि वातावरणीय पक्षलाई ध्यान दिँदै पर्याप्त बजेट व्यवस्थापन गरी थप ३० मिटर कुलो निर्माण गर्दै दीगो प्रकृतिको निर्माणमा ध्यान दिनु पर्ने देखिन्छ ।

**३. साँघुटार थाक्लेबेशी लिफ्ट खानेपानी योजना रामेछाप नगरपालिका-३**

रामेछाप नगरपालिकाको २६ लाख ६० हजार र जनसहभागिता २ लाख ६० हजार समेतको लागतमा साँघुटार थाक्लेबेशी लिफ्ट खानेपानी योजनाको काम भएको देखिन्छ । दाहालटारबाट ल्याएको पानी र बजारमा नै रहेको पानीको मूल सुख्खा समयमा सुक्ने समस्यामा साँघुटारबासीलाई खानेपानीको लागि सहजताको लागि योजनाको काम अगाडि बढाइएको देखिन्छ । साँघुटार बजारको अलवा ढकालटार, स्कुल, चौकी, थाक्ले



लगाएतका स्थानका करीब २ सय घरधुरीलाई खानेपानीको सहज सुविधा हुने उक्त योजना अन्तर्गत ६५ एम्एम्को १४७५ मिटर पाइप जडान, २५ वटा पिलर राख्ने कार्य गरिएको देखिन्छ । लिखुबाट खानेपानीको ट्याङ्की भएको स्थल उकालो भएको कारण रडहरुको समेत सहायतामा मजबुद बनाउने प्रयत्न गरिएको देखिन्छ । गत बर्षहरुमा नै निर्माण भएका १ लाख ३० हजार लिटरको खानेपानी ट्याङ्कीबाट बजारबासीलाई वितरण गरिने खानेपानी योजना अन्तर्गत मोटर नहुँदा संचालनमा आउन सकेको छैन । उक्त योजना संचालन पश्चात् लाइनमा बसी पानी ल्याई खानुपर्ने अवस्थाको अन्त्य हुनुको साथै हरेक घरधुरीमा आफुलाई खान पुग्ने तरकारी समेत लगाउन सकिने देखिन्छ । स्थानीय मदन भौकाजीको अध्यक्षतामा रहेको योजना संचालन भएपछि खानेपानी घरघरमा नै आएपश्चात् समय र तरकारी किन्ने पैशा बचत हुने देखिन्छ । उक्त खानेपानीको दीगो प्रयोगको लागि मोटर, धाराका सामग्रीहरु, थप पाइप र बिजुलीको दीर्घकालीन व्यवस्थापन गर्न सके प्रभावकारी हुने देखिन्छ ।

## ४. रेणुकादेवी मा.वि पहिरो व्यवस्थापन योजना रामेछाप नगरपालिका-४

रामेछाप नगरपालिकाद्वारा आ.व २०८१/८२ मा विनियोजित ४ लाख र जनसहभागिता समेतबाट रेणुकादेवी मा.वि पहिरो व्यवस्थापन योजनाको काम भएको देखिन्छ । विद्यालयमा माथिबाट आएको पहिरोको कारण जोखिममा रहेको अवस्थामा माटो हटाई ५ मिटर अग्लो, ,१ मिटर चौडा भएको २५ मिटर लामो रिट्रेनिङ वाल लगाएको देखिन्छ । विद्यालयमा माटो नझरोस् भनी १५ वटा जाली भरी केही रोकथामको प्रयत्न गरेको देखिन्छ । देवीगाउँ, कुसबसेरी, डाँडा बसेरी, धारापानी, सिमपानी, भिरकोट, चिलाउने लगायतका स्थानका बालबालिका अध्ययन गर्ने विद्यालयमा पहिरो व्यवस्थापनको लागि गरिएको कामबाट केही सहजता भएको देखिन्छ । उक्त विद्यालयमा सिढी निर्माण, कम्पाउण्ड निर्माण, करीब १५ मिटर क्षेत्रफलमा मेसिनरी वाल नै लगाई कार्य गर्न सके विद्यालय र बालबालिकाको थप सुरक्षा हुने देखिन्छ । योजना संचालनको क्रममा पानी, सामाग्री ढुवानी र



जनसहभागितामा समस्या भएको देखिन्छ । विद्यालयको अत्यावश्यकता र मागमा आधारित समुदायको सक्रियतामा सुरु भएको योजनाको निर्माण अन्तर्गतका थप कार्यको लागि पर्याप्त बजेट व्यवस्थापन गरी संचालन गराउनु पर्ने देखिन्छ । स्थानीय रत्न बहादुर नेवारको अध्यक्षमा संचालन गरिएको योजनाबाट करीव ५ सय घरधुरीलाई प्रत्यक्ष फाइदा पुगेको देखिन्छ ।

## ५. रामपुर वडा कार्यालय जाने सडक ढलान योजना रामेछाप नगरपालिका-५

रामेछाप नगरपालिकाबाट १९ लाख २० हजार र जनसहभागिता २ लाख १६ हजार समेतको लागतमा रामपुर वडा कार्यालय जाने सडक ढलान योजनाको काम भएको देखिन्छ । ५ देखि ७ मिटर चौडाइको १ सय



७५ मिटर सडक ढलान गरिएको देखिन्छ । सडक सम्माई रड राखेर ४५ मिटर ढलान र ढलान ८ इन्चको गरिएको देखिन्छ । मूल सडकबाट सबारी साधन संचालन भई वडा कार्यालय जान सहजता भएको देखिन्छ । सामान ल्याउन-लैजान सहज हुनुका साथै कृषि उपज, खाद्यन्न ओसार-पसार गर्न, गाउँघरको सरसामान बजार लैजान र बजारबाट ल्याउन, विद्यालय र स्वास्थ्य संस्था जान समेत सहज भएको देखिन्छ । बालबालिका, गर्भवती महिला र जेष्ठ नागरिकलाई हिड्न सहज हुनुको साथै स्थानीय उत्पादन बजारसम्म लैजान समेत सहज भएको देखिन्छ । स्थानीय टेक बहादुर तामाङको अध्यक्षतामा गठित उपभोक्ता समितिबाट निर्माण भएको काममा जग्गा विवाद, घाटामा काम गरेको, पानी ढुवानीमा समस्या भएको तथा दीगो बनाउन सडकको छेउमा मेसिनरी वाल लगाउनु पर्ने देखिन्छ ।

**६. भालुखोप, ओखेनी, कुशबसेरी सडक विस्तार योजना रामेछाप नगरपालिका-६**

रामेछाप नगरपालिकाद्वारा आ.व २०८१/८२ मा विनियोजन गरिएको १४ लाख ४० हजार र जनसहभागिता १ लाख ६० समेतको भालुखोप, ओखेनी, कुशबसेरी सडक विस्तार मर्मत योजना सम्पन्न भएको देखिन्छ । भालुखोप हुँदै कुशबसेरी जोड्ने सडक स्तरोन्नत र विस्तारको कारण हिंमगगा र ओखलढुङ्गा जिल्लाका नागरिकलाईले प्रयोग गर्ने छोटो बाटोको रुपमा रहेको उक्त बाटो विस्तार पश्चात् कृषि उपज, खाद्यन्न ओसार-पसार गर्न, गाउँघरको सरसामान बजार लैजान र बजारबाट ल्याउन समेत सहज भएको देखिन्छ । समाजमा हुने सामाजिक कार्यहरुमा आउन जान, चौपाया हिडाउन र वर्षाद्को समयमा हिड्न सहज भएको देखिन्छ । योजना सम्पन्न पश्चात् विद्यालयमा बालबालिका जान आउन समेत सहज भएको, हिमगंगा र ओखलढुङ्गाका मानिसहरुलाई समेत आवत् जावत्मा सहजता भएको देखिन्छ । स्थानीय हिमालराज तामाङ्गको अध्यक्षतामा रहेको उपभोक्ता समिति



मार्फत सम्पन्न भालुखोप, ओखेनी, कुशबसेरी सडक विस्तार मर्मत योजना संचालनको क्रममा बाटो चौडा बनाउने, मेसिनबाट सडकको ग्रेड मिलाउने, अप्टेरो स्थानमा ढलान गर्ने, जालीको वाल लगाउने, हेम पाइप हाल्ने जस्ता कार्यहरु गरी सडक दीगो बनाउने प्रयत्न गरेको देखिन्छ । १ हजारभन्दा बढी नागरिकहरुलाई प्रत्यक्ष फाइदा पुग्ने योजना संचालनको क्रममा बजेटको अभाव, पानीको व्यवस्थापन र सामग्री निर्माण स्थलसम्म लैजान समस्या भएको देखिन्छ ।

**७. टावरडाँडा सडक स्तरोन्नती योजना रामेछाप नगरपालिका-७**

रामेछाप नगरपालिका विनियोजना भएको २८ लाख र जनसहभागिता करीव १ लाख ९० हजारबाट टावरडाँडा सडक स्तरोन्नती योजनाको कार्य भएको देखिन्छ । रामेछाप बजारदेखि वडा नं ७ को टावरडाँडाको सडक स्तरोन्नतीपछि थुम्का, मुडाजोर, धनेघाट जान समेत सहजता भएको देखिन्छ । हिलोमा गाडी फस्ने,



उकालोमा गाडी नजाने तथा साना गाडी नजाने समस्याको समाधान भएको देखिन्छ । १ सय ५० मिटर लामो सडकको स्तरोन्नतीको क्रममा नाला निर्माण समेत गरेको देखिन्छ । सम्माउने, सोलिङ गर्ने, केही स्थानमा बाटो ढलान गर्ने, कजवे निर्माण गर्ने जस्ता कार्यहरु गरिएबाट नागरिकहरुलाई बजार जान, हिडडुल गर्न सहजता भएको देखिन्छ जसको कारण आन्तरिक पर्यटनको संख्या समेत बृद्धि भएको देखिन्छ । सडक स्तरोन्नतीको कारण समयको बचत हुनुको साथै स्थानीय उत्पादन बजारसम्म लैजान, विद्यालयमा बालबालिका जानआउन समेत सहज हुने देखिन्छ । स्थानीय निरोज कुमार बस्नेतको अध्यक्षतामा संचालन गरिएको योजनामा बजेट पर्याप्त नहुँदा, निर्माण सामग्रीहरु बाहिरबाट ल्याउनु पर्दा तथा पूरै सडक ढलान गर्न नसक्दा समस्या भएको देखिन्छ ।

**८. कृष्ण मन्दिर निर्माण योजना रामेछाप नगरपालिका-८**

रामेछाप नगरपालिकाद्वारा आ.व २०८१/८२ मा विनियोजन गरिएको ८ लाख ८० हजार तथा जनहभागिता करीब ९२ हजार समेतको बजेटबाट कृष्ण मन्दिर निर्माण योजनाको काम सम्पन्न भएको देखिन्छ । २.५ आमा क्षेत्रफल जग्गामा निर्माण गरिएको उक्त योजना अन्तर्गत मेसिनबाट जमिन सम्माउने, भुईमा ढुङ्गा बिच्छाउने, ७ वटा आँखी झ्याल निर्माण, १ ढोका निर्माण र ईटाको प्रयोग गरि मन्दिर निर्माण गरिएको देखिन्छ । कृष्ण अष्टमी, नियमित भजन कीर्तन र नित्य पूजाआजा गरिएको देखिन्छ । रामेछाप बजार लगाएत छिमेकी गाउँ तथा पालिकाहरुमा मानिसहरु समेत उक्त मन्दिरमा आउने गरेको देखिन्छ । करीब दुईसय घरधुरीलाई प्रत्यक्ष फाइदा पुगेको उक्त कृष्ण मन्दिरमा मेनगेट निर्माण, वरिपरि स्टीलको निर्माण, शौचालय र खानेपानीको दीगो व्यवस्थापन गर्नुपर्ने देखिन्छ । स्थानीय गौतम कुमार श्रेष्ठको अध्यक्षतामा संचालन गरिएको योजनामा बजेट पर्याप्त नहुँदा तथा निर्माण सामग्रीहरु बाहिरबाट ल्याउनु पर्दा समस्या भएको देखिन्छ । त्यस्तै श्रमदानको व्यवस्थापनमा समेत समस्या देखिएको योजनाका लागि दीगो हुनेगरि पर्याप्त बजेटको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।



**९. ट्रस भवन निर्माण योजना रामेछाप नगरपालिका-९**

रामेछाप नगरपालिकाद्वारा आ.व २०८१/८२ मा विनियोजित ६ लाख ७५ हजार र जनसहभागिता करीब ५० हजार समेतबाट ट्रस भवन निर्माण योजनाको काम भएको देखिन्छ । समुदायको आवश्यकता र मागमा आधारित समुदायको सक्रियतामा सुरु भएको अत्यावश्यक योजना अन्तर्गत मृत्यु संस्कारलाई सहजताको लागि ट्रस भवन निर्माण गरिएको देखिन्छ । ५ मिटर लम्बाई र ४ मिटर चौडाईको पाँचवटा ट्रस भवन निर्माण निर्माण गरिएको देखिन्छ । किरीयापुत्री, गुरु बस्ने र मलामीहरुको लागि प्रतिक्षा गर्न निर्माण गरिएको ट्रस भवन निर्माण योजना अन्तर्गत जमिनको सोलिङ ढलान, फलामको पाइप र जस्ताबाट निर्माण गरिएको देखिन्छ । भोटेगाउँ, धोबीखोला, रातमाटार र मन्थली नगरपालिकको केही भागहरु मानिसहरु पूजा र मृत्यु संस्कारको लागि आउने गरेको देखिन्छ । बैशाख पूर्णिमा र भदौको पूर्णिमामा पूजाआजा गरिने उक्त स्थानमा थप कार्यको लागि आवश्यक बजेट व्यवस्थापन गरी संचालन गराउनु पर्ने देखिन्छ । घमण्ड बहादुर श्रेष्ठको अध्यक्षतामा निर्माण गरिएको ट्रस भवन निर्माण योजनाबाट ८० घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित भएको देखिन्छ ।



# अनुसूची-३

## समुदायमा भरिएको फारामको नमूना

**सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-६ अनुसार**
(सामाजिक परीक्षण सूचना फाराम अनुसूची-६ को सहयोगी)

**योजनाको प्रगती विवरण**
(आ.व २०८१/०८२ को हरेक वडाको कम्तीमा १/१ योजना हेर्नुपर्ने)

| | | | |
|---|---|---|---|
| १. | आयोजना नाम : साघुटार थाक्ले वरी लिफ्ट खानेपानी | | |
| २. | संचालन संचालन भएको ठेगाना :..................गाउँपालिका/नगरपालिका, वडा नं ....९...... | | |
| ३. | आयोजना सुरु भएको मिति | २०८१/१२/२६ | योजना सम्पन्न मिति | २०८२/२/२४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | आयोजना क्षेत्र | शिक्षा | स्वास्थ्य | खानेपानी | पूर्वाधार (...............) | कृषि | पशु | सचेतना | अन्य |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | आयोजनाको वजेट | कूल २.६६.०००० (२६६,०००) | स्थानीय सरकार ............................ | साझेदारी ............ | अन्य (केही भए) ...................... |

६. योजना संचालनपछि सामाजिक तथा आर्थिक रुपमा पारेको प्रभावहरु तथा मुख्य उपलब्धिहरु (बुँदागत)

=> साघुटार बजार, छकाल टार, स्कुल, चौकी थाक्ले आदि बस्तीले प्रयोग गर्ने
=> मेसिन र पाइप, धारा जोड्ने सरसामान अवस्था
=> धाहालटार बाट धाराको पानी र बजारमा एक अर्को पानीको मुहान भए पनि पानी सुक्ने समस्या
=> ~~पानीन~~.

७. आयोजना संचालनको क्रममा भोग्नु परेका मुख्य समस्या (बुँदागत)

=> पाइपहरु जडान भएको तर पानी फाल्ने मेसिन नभएर पानी खान नपाएको
=> पानी न पुग्दा कोसिको तानेर प्रयोग गरिने
(२ ओटा ढ्याङ्की पैसा बनाएको व्यवस्था प्रयोग गरिने १० लिटरको र २०,०२० लिटरको)

८. आयोजनाबाट भएका मुख्य सिकाइ (बुँदागत)

=> कामको जिम्मेवारी हुनुपर्ने
=> बजेट पर्याप्त

९. आयोजनामा गरिएका मुख्य कामहरु अथवा के-के काम गरिएका थियो ? (बुँदागत)

=> पाइप उकालोमा अड्याउन को लागि ~~सड~~ रड प्रयोग गरेर पाइप लगाइयो
=> पाइप १४६५ मिटर ६५ m.m को पाइप जडान
फिलर २५ ओटा

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | लाभान्वित संख्या | घरधुरी (सरदर) | ......२०० | जनसंख्या (सरदर) | ८०० |

| | | |
|---|---|---|
| ११. | **उपभोक्ता समितिको विवरण** | **सम्पर्क नं** |
| क | अध्यक्ष .....मदन थोकाजी.... | ९८४१२८५२३९ |
| ख | सचिव ................................... | |

कोः होम कुमारी श्रेष्ठ : ९८६३६९५०३५
सदस्य : चन्द्र कुमारी श्रेष्ठ : ९८४४२९२९३१

सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-६ अनुसार
(सामाजिक परीक्षण सूचना फाराम अनुसूची-६ को सहयोगी)

## योजनाको प्रगती विवरण

(आ.व २०८१/०८२ को हरेक वडाको कम्तीमा १/१ योजना हेर्नुपर्ने)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | आयोजना नाम रामपुर वडा कार्यालय भवन जाने सडक ढलान | | | | | | | |
| २ | सञ्चालन सञ्चालन भएको ठेगाना ............ गाउँपालिका/नगरपालिका, वडा नं ५ | | | | | | | |
| ३ | आयोजना सुरु भएको मिति | २०८१/८/११ | | योजना सम्पन्न मिति | | | २०८२/२/२८ | |
| ४ | आयोजना क्षेत्र | शिक्षा | स्वास्थ्य | खानेपानी | पूर्वाधार ( ✓ ) | कृषि | पशु | सचेतना / अन्य |
| ५ | आयोजनाको बजेट | कूल :१८२०,000. (२१६,000) | | स्थानीय सरकार ✓ | | साझेदारी | अन्य (केही भए) | |
| ६ | योजना संचालनपछि सामाजिक तथा आर्थिक रुपमा पारेको प्रभावहरु तथा मुख्य उपलब्धिहरु (बुँदागत) | | | | | | | |
| | ⇒ विद्यालय, स्वास्थ्य चौकी जान, धेरै नै सुविधा भएको छ<br>⇒ बालि नाली ओसारपसार मा सहजता (पर्के, [illegible] उद्धत, पर्सि आदि उत्पादन)<br>⇒ काम उद्दे आँधा ४२५००० खातामा गएको | | | | | | | |
| ७ | आयोजना संचालनको क्रममा भोग्नु परेका मुख्य समस्या (बुँदागत) | | | | | | | |
| | ⇒ पानिको समस्या, ढुवानिमा समस्या, जग्गामा विवाद<br>⇒ बाटोको देउभाटी मेसनरी wall को आवश्यक | | | | | | | |
| ८ | आयोजनाबाट भएका मुख्य सिकाइ (बुँदागत) | | | | | | | |
| | | | | | | | | |
| ९ | आयोजनामा गरिएका मुख्य कामहरु अथवा के-के काम गरिएका थियो ? (बुँदागत) | | | | | | | |
| | ⇒ बाटो सम्म्याएर सोलिङ गरियो<br>⇒ RS हालेर ढलान गरियो ४५मिटर<br>⇒ ढलान 8 inch र सोलिङ 8 inch<br>⇒ 6 मिटर कोहि ठाउमा ५मिटर चौडाइ<br>लम्बाई १६५मिटरको ढलान निर्माण | | | | | | | |
| १०. | लाभान्वित संख्या | घरधुरी (सरदर) | १००५ वडा अफिसको मा लिम | | जनसंख्या (सरदर) | ५०२५ | | |
| ११. | उपभोक्ता समितिको विवरण | | | सम्पर्क नं | | | | |
| क | अध्यक्ष टेक बहादुर तामाङ | | | ⇒ ९८४४२४६६९६ | | | | |
| ख | सचिव ...................... | | | | | | | |

उपभोक्ता ⇒ थाकुर मन मगार ⇒ ९८४५ ५५९५१५

" ⇒ लोकेन्द्र श्रेष्ठ ⇒ ९८४४२५ ६५२९

# अनुसूची-४

## सामाजिक परीक्षणमा उपस्थितिको माइन्यूटको प्रतिलिपि

# रामेछाप नगरपालिकाको सामाजिक परीक्षणको
# प्रारम्भीक प्रतिवेदन सार्वजनिकीकरण तथा छलफल

१५ बैशाख २०८३

**रामेछाप बजार, रामेछाप**

आयोजक : रामेछाप नगरपालिका, नगर कार्यपालिकाको कार्यालय रामेछाप बजार

सहजीकरण : हेल्पिङ्ग ह्याण्डस कन्सलटेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.भक्तपुर


उपस्थिति विवरण

| क्र.सं | नाम,थर | कार्यालय वा संस्था | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री लवश्री न्यौपाने | रामेछाप न.पा. | प्रमुख | ९८५४०५०२४४ | |
| २. | श्री वाल कुमारी कार्की (थापा) | रामेछाप नगरपालिका | उप प्रमुख | ९८५४०५६२४५ | |
| ३. | श्री भोला प्रसाद चापागाईं | " | प्र.प्र.अ. | ९८५४०८१९९९ | |
| ४. | श्री सन्तोषकुमार तामाङ. | " | वडा अध्यक्ष | ९८४११४११९२ | |
| ५. | श्री रामसिं उडाल | " | वरिष्ठ वि.जुनि. (आहो) | ९८४८६०६३११ | |
| ६. | श्री नारायण सुवेदी | " | शा.अ. | ९८४४३९३२१८ | |
| ७. | श्री विष्णु बहादुर कार्की | " | ज.स्वा.अ. | ९८५४०८३४०१ | |
| ८. | श्री प्रेम राना मगर | " | इन्जिनियर | ९८६०८३५६४८ | |
| ९. | श्री दिपक डुम्रे | " | आ.ले.प. | ९८४१०२१५१२ | |
| १०. | श्री लक्ष्मी गिरी | " | प्र. | 9849732967 | |
| ११. | टिका राम थापा | " | महिला बालबालिका शाखा | 9866201589 | |
| १२. | लक्ष्मी जैसी | " | प्रा.स. | ९८६८८४१८२५ | |
| १३ | बिन्दा मगर | " | कानूनी सहजकर्ता | ९८४४४१३२५४ | |
| १४ | पवित्रा खत्री | " | खापासहि(पार्यो) | ९८४६०४६२१८ | |
| १५ | बिन्दा मगर | " | फिल्ड सहायक | ९८४४०१०३०४ | |
| १६ | श्रवण कुमार शर्मा | " | प्रा.स. | ९८४५०३३०१२ | |
| १७ | काजी ओझा | " | पं.प्र.कि.अ. | ९६८८११६४६० | |
| १८. | दिपक कुमार श्रेष्ठ | " | सू.प्र.अधिकृत | ९८५११९६१२७ | |

| क.सं | नाम,थर | आबद्धता | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १९ | सान्दिप केशरी. | रा.न.पा. | क.अ. | ९८६९२८०७६९८६ | |
| २०. | उमङ्ग मैनाली | हेल्पीङ ह्याण्ड्स | टिम लिडर | ९८४८०७०४७३ | |
| २१. | पूर्ण बहादुर कार्की | " | सामाजिक परीक्षक व्यवस्थापक | ९८६०३६२८९२ | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची-५

## सामाजिक परीक्षणको केही तस्वीर






प्रारम्भीक नतिजा सार्वजनिकीकरण तथा छलफलमा उपस्थित नगरप्रमुख श्री लबश्री न्यौपाने सहितका सहभागिहरु ।



सामाजिक परीक्षणको प्रारम्भीक नतिजा सार्वजनिकीकरण तथा छलफलमा मन्तब्य राख्नु हुँदै नगर उपप्रमुख श्री बालाकुमारी कार्की ।



सामाजिक परीक्षणको प्रारम्भीक नतिजा सार्वजनिकीकरण तथा छलफलमा मन्तब्य राख्नु हुँदै प्रप्रअ श्री भोलाप्रसाद चापागाईं ।



सामाजिक परीक्षणको प्रारम्भीक नतिजा सार्वजनिकीकरण तथा छलफलको सहजीकरण गर्नुहुँदै सामाजिक परीक्षक श्री उमङ्ग मैनाली ।



सामाजिक परीक्षणको प्रारम्भीक नतिजा सार्वजनिकीकरणका सहभागिहरु ।



स्वास्थ्य शाखा प्रमुख श्री बिष्णु बहादुर कार्कीसँग सामाजिक परीक्षणको लागि सचना संकलन गर्दै ।



शिक्षा शाखाका प्रा.स श्री श्रवण कुमार शर्मासँग सामाजिक परीक्षणको लागि सूचना संकलन गर्दै सामाजिक परीक्षक ।




प्रशासन शाखा प्रमुख श्री नारायण सुवेदीसँग सामाजिक परीक्षणको लागि सूचना संकलन गर्दै ।




पशु विकास शाखा प्रमुख श्री काजी शेर्पासँग सामाजिक परीक्षणको लागि सूचना संकलन गर्दै ।




नगरपालिकाको इन्जिनीयर श्री प्रेम राना मगरसँग पूर्वाधार, खानेपानी, सरसफाई सम्बन्धी सामाजिक परीक्षणको लागि सूचना संकलन गर्दै ।




कृषि विकास शाखाका प्राविधिक श्री अनिल रोकायसँग सामाजिक परीक्षणको लागि सूचना संकलन गर्दै



महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा प्रमुख श्री बिमला शर्मासँग सामाजिक परीक्षणको लागि सूचना संकलन गर्दै ।




नगरपालिकाको रोजगार संयोजक श्री बिजय बरालसँग सामाजिक परीक्षणको लागि सूचना संकलन गर्दै ।




रामेछाप नगरपालिकाले प्रकाशन गरेको स्थानीय पाठ्यक्रम ।




सार्वजनिक स्थलमा टाँस गरिएको बालअधिकारको क्षेत्रहरु उल्लेखित सूचना ।



रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप
बागमती प्रदेश, नेपाल
चालु आर्थिक वर्ष २०८१/८२ मा वडा नम्वर ८ मा संचालन हुने आयोजनाहरुको विवरण

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रकम |
|---|---|---|
| | नगरस्तरीय योजनाहरू | |
| १ | मालागिरी योगाश्रम भवन निर्माण क्रमागत | ५८००००००.०० |
| २ | धारापानी डुम्रीखर्क सडक स्तरोन्नती | २००००००.०० |
| ३ | मानेडाँडामा बुद्द मुर्ति निर्माण | १५०००००.०० |
| ४ | पशुपतिनाथ मन्दिर निर्माण | १००००००.०० |
| ५ | विटार पार्क व्यवस्थापन | १००००००.०० |
| ६ | कृष्ण मन्दिर निर्माण, भंगेरी | ५०००००.०० |
| | संघीय शसर्त अनुदान | |
| १ | रामेछाप जिल्ला रामेछाप न.पा. ८ फुसेमाटा-आहाले सडक थुम्की सडक स्तरोन्नति | ५००००००.०० |
| २ | रामेछाप जिल्ला रामेछाप न.पा. वडा नं ७, ८ र ९ मा नयाँ शहर स्थापनाको लागि शहरी पूर्वाधार निर्माण कार्य | २००००००.०० |
| | वडा स्तरीय योजनाहरू | |
| १ | वडा स्तरीय सडक मर्मत | ५०००००.०० |
| २ | २० एम.एम खापा पाइप खरिद | १०००००.०० |
| ३ | पशुपतिनाथ मन्दिर निर्माण | १००००००.०० |


वडा नं ८ मा राखिएको आर्थिक वर्षमा संचालन गरिने योजनाको नामावली र बजेट विवरण ।





नगरपालिका परिसरमा राखिएको प्रवक्ता र सुचना/गुनासो सुन्ने अधिकारीको फोटो सहितको विवरण ।



सार्वजनिक स्थलमा राखिएको डस्टबीन ।




वडा नं ७ को कार्यालयमा राखिएको सुझाव पेटिका ।




नगरपालिकामा राखिएको लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता ।




नगरपालिकाबाट सबैको लागि जारी गरिएको बार्षिक नीति, कार्यक्रम, योजना तथा बजेट सम्बन्धी पुस्तिका ।



वडा नं ८ मा निर्माण गरिएको कृष्ण मन्दिर निर्माण योजनाको सामाजिक प्रभावको विषयमा छलफल गर्दै फिल्ड सहजकर्ता ।



वडा नं ९ मा निर्माण गरिएको ट्रस भवन निर्माण योजनाको सामाजिक प्रभावको विषयमा छलफल गर्दै ।



वडा नं ५ मा निर्माण गरिएको रामपुर वडा कार्यालय जाने सडक ढलान योजनाको सामाजिक प्रभावको विषयमा छलफल गर्दै फिल्ड सहजकर्ता ।


वडा नं ४ मा निर्माण गरिएको रेणुकादेवी मा.वि पहिरो व्यवस्थापन योजनाको सामाजिक प्रभावको विषयमा छलफल गर्दै ।


वडा नं १ को भारलांगे सिचाई कुलो मर्मत तथा टयाङ्की मर्मत योजनाको सामाजिक प्रभावको विषयमा छलफल गर्दै ।


वडा नं ३ मा संचालन भएको साँघुटार थाक्लेबेशी लिफ्ट खानेपानी योजना सामाजिक प्रभावको विषयमा छलफल गर्दै ।


वडा नं २ को वडा कार्यालय व्यवस्थापन अन्तर्गत योजनाको सामाजिक प्रभावको विषयमा छलफल गर्दै ।



रामेछाप नगरपालिकाले फेसबुक पेजमा राखेको सामाजिक परीक्षणको प्रारम्भीक नतिजा सार्वजनिकीकरण कार्यक्रम ।

## अनुसूची-६

सामाजिक परीक्षणमा संलग्न व्यक्तिको विवरण

श्री उमङ्ग मैनाली-सामाजिक परीक्षक/टिम लिडर

श्री पूर्ण बहादुर कार्की-फिल्ड सहजकर्ता

## प्राविधिक सहयोग/परामर्शदाता

**Helping Hands Consultancy & Resource Center Pvt. Ltd.**

**हेल्पीङ्ग् ह्याण्डस कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा. लि**

Madhyapur Thimi-3, Bhaktapur

# रामेछाप नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामेछाप बजार, रामेछाप

बागमती प्रदेश, नेपाल